मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

भर्ना सम्वन्धी सूचना

शैक्षिक बर्ष २०८१/०८२ सत्रमा सामान्य चिकित्सा (H.A.) ३ बर्षे कोर्षमा केहि सिट खाली रहेको हुँदा CTEVT बाट प्रवेश परिक्षा पास गर्नु भएका H.A., नर्सिङ्ग, फार्मेसी र निःशुल्क छात्रवृत्ति तर्फका प्ररिक्षार्थीहरूले भर्नाको लागि सम्पर्क गर्नुहोस् ।

सम्पर्क स्थान :
ईन्स्टिच्युट अँफ हेल्थ रिसर्च डेभलपमेन्ट प्रा. लि.
सरहन्चिया कुट्टी देखि दक्षिण कर्मचारी संचयकोष नजिकै
फोन नं. : ०४१ ४२२६७९, ९८०७६७८७३७, ९८४६०७३३००

● वर्ष २ ● अंक २९३ ● २०८१ साल भाद्र २५ गते मंगलबार ● Tuesday 10, September 2024 ● सूर्योदय: बिहान ५:४८ बजे ● सूर्यास्त: साँझ ६:१५ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## मधेशका इञ्जिनियरलाई जिताउन सिके राउतको पहल



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले सहभागिता, नेतृत्व र अधिकारका विषयमा इञ्जिनियरहरु पनि क्रियाशील हुनु पर्ने बताएका छन् । नेपाल इन्जिनियर्स एसोसिएसन (एनइए) निर्वाचनमा राज्यसत्तालाई पछार्न इञ्जिनियर्स जनमत युनियन (इजु) गठबन्धन जिताउन उनले अपिल गरेका हुन् ।

नेपाल इन्जिनियर्स एशोसिएसनको ३४ औँ केन्द्रीय कार्यकारिणी समिति र मधेश प्रदेशको तेस्रो कार्यकारिणी समितिको निर्वाचनका लागि इञ्जिनियर्स जनमत युनियन, रिन तथा पिन गठबन्धनद्वारा सोमबार साँझ जनकपुरधाममा आयोजित उम्मेदवार परिचय तथा अन्तक्रियामा जनमत अध्यक्ष डा.राउतले यस्तो बताएका हुन् ।

उनले डाक्टर र इञ्जिनियरमा मधेशी बढी भएकाले अरु थोक बन्न नहुने भाष्य बनाइएका बेला एनइएमा इजु, पिन र रिन गठबन्धनको जितलाई आत्मसम्मानका विषयका रूपमा लिनुपर्ने उल्लेख गरे । डा.राउतले एनइएमा प्रतिनिधित्वको कुरा मधेशी इञ्जिनियरका लागि चुनौती रहेको पनि प्रस्व्याए । 'डाँडाकाँडामा ट्वाइलेट, ब्लक बनाउने इन्जिनियर मतदानका बेला चासो नलिँदा र निर्वाचनका लागि नउत्लिँदा अधिकार माग्नु नै व्यर्थ हो,' उनले भने, 'त्यसैले यसपटक एनइएमा हिस्सा लिन जुनसुकै ठाउँमा भए र काम गरे पनि इजु, पिन र रिन गठबन्धनलाई मत दिन आह्वान गर्दछु ।' जनमत इन्जिनियर्सको पार्टी र इञ्जिनियर्सलाई बढाउने भएको थप्दै अध्यक्ष

बाँकी पृष्ठ २ मा

## बलभद्र पूजा मनाइयो




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
कलवार समुदायका कुलदेवता मानिएका भगवान बलभद्रको जन्मजयन्ती भव्यताका साथ मनाइएको छ । व्याहाहुत कलवार सेवा समितिको आयोजनामा बलभद्रको पूजा आराधनाका साथै नगरमा शोभा यात्रासमेत निकालिएको थियो । सोमबार बिहानै कलवार कुटीबाट उल्लेख संख्यामा जुलुश निकालिएको थियो । प्रत्येक वर्ष भदौ शुक्ल षष्ठी तिथिका दिन बलभद्र जयन्ती मनाइने गरिन्छ ।

जयन्तीका दिन मन्दिरमा भक्तजनको घुइँचो लागेका छ भने पूजा भव्यतापूर्वक गरिएको छ । भगवान कृष्णका दाइ भगवान बलरामलाई बलभद्र भगवानका रुपमा चिनिन्छ । बललाई शक्ति र भद्रलाई अन्नको रुपमा परिभाषित गरिन्छ । बलभद्र भगवानलाई भात, विशेष किसिमको दाल र पाँच थरीको तरकारीको भोग लगाउने प्रचलन छ । भगवानको पूजापश्चात अन्नलाई कलवार समुदायका भक्तजनले प्रसादको रुपमा ग्रहण गर्ने प्रचलन छ ।

# 'पर्सा मालपोतमा बिनापैसा कामै हुँदैन'

## सांसद प्रभु साहद्वारा संसदमा टिभी वीरगंजका पक्षमा लबिङ


प्रभु साह
अध्यक्ष, आजपा


डमरु निरौला
प्रमुख, पर्सा मालपोत कार्यालय

**मधेशदृष्टि**
**वीरगंज ।**
आमजनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहले मालपोत कार्यालय पर्साको बेथितिबारे सरकारको ध्यानाकर्षण गराएका छन् । सोमबार शून्य समयमा बोल्दै आजपा अध्यक्ष साहले केहीदिनपहिले मालपोत कार्यालय वीरगंजमा टिभी वीरगंजले गरेको स्टिङ अपरेसनबारे चर्चा गरेका हुन् ।

उनले मधेश प्रदेशमा स्थापित टिभी वीरगंजले जनताले मालपोतमा भोगिरहेका समस्याबारे कार्यक्रम प्रसारण गर्दा केही व्यक्तिले टिभीको युट्युबमा अपलोड गरिएको कार्यक्रमको भिडियो हटाउन दबाब दिइरहेको र मधेशमा जनमुखी पत्रकारिता गर्दा बदमासहरुकै स्वर ठूलो हुनु चिन्ताको विषय भएको बताए । उनले मालपोत कार्यालयमा बिनापैसा कामै नहुने जनताको समस्या उठाउँदा जनताको मुद्दा उठाउने एउटा सञ्चारमाध्यमलाई कुनै पनि दबाब दिन नहुने बताए ।

'पर्सा मालपोत कार्यालयका प्रमुख डमरु निरौला समयमा कार्यालय नपुग्दा सेवाग्राही मारमा पर्ने गरेको कुरा उठाउनै हुँदैन, भ्रष्टाचारबारे केही बोल्नै हुँदैन ?,' सांसद साहले भने, 'केहीदिन पहिले टिभी वीरगंजले मालपोत कार्यालय पर्सा पुगेर त्यहाँ आउने सेवाग्राहीको समस्या प्रसारण गरेको हो, कार्यालयका प्रमुख समयमा नआउने, कर्मचारीहरुले बिनापैसा कामै नगर्ने जस्ता समस्या सेवाग्राहीले सुनाएका हुन् तर टिभी वीरगंजमाथि अनावश्यक दबाब दिने काम भइरहेको छ, यो गलत हो ।'

पर्सा मालपोत कार्यालयमा ससाना काममा पनि घुसबिना काम नहुने गुनासोहरु आएपछि टिभी वीरगंज, रेडियो वीरगंज र मधेशदृष्टि दैनिकले लगातार यो विषयमा सूचना संकलन गरिरहेको थियो । यतिसम्म कि मालपोत कार्यालय पर्सामा सेवाग्राहीको फाइलमा समेत ग्राहकको होइन, दलालको संकेत नम्बर उल्लेख हुने गरेको विषयसमेत लुकेको छैन । झापाबाट विवादित बनेर पर्सा आएका मालपोत अधिकृत डमरु निरौलाले सेटिङमा काम गर्ने गरेको विषयमा लगातार सूचना संकलनपछि हामीले स्टिङ अपरेसन गरेका थियौँ । टिभी, रेडियो र पत्रिकाका अध्यक्ष ध्रुव साह स्वयम् प्रत्यक्ष प्रसारणका लागि कार्यालय परिसर पुग्दा कार्यालय प्रमुख डमरु निरौला मध्यान्हमा कार्यालय आएर माफी मागेका थिए । आफ्नो कुरा नभनी उनी क्यामेराबाट भागेका थिए ।

टिभी वीरगंज मालपोत परिसर पुग्दा सर्वसाधारणको भिड लागेको थियो । स्थानीयले नाराबाजी गर्न खोज्दा टेलिभिजनको कार्यक्रम हो, पार्टीको होइन भनेर हामीले नै रोकेका थियौँ । तर मालपोत प्रमुख निरौलाले यो विषयलाई उचालपछार गरेर आफ्नो बदमासी लुकाउन अनेक प्रपञ्च गरेका थिए । कुनै पनि विषयबस्तु प्रसारण वा प्रकाशन भएपछि चित्त नबुझे सञ्चार अनुगमनको कार्य गर्ने नेपाल सरकारको सर्वोच्च निकाय प्रेस काउन्सिल नेपाल र मधेश मिडिया काउन्सिलमा जानु पर्नेमा उनले हुलहुज्जत गरी सिंगो

बाँकी पृष्ठ २ मा

## 'निष्ठामा डग्दैनौँ, निडर पत्रकारिता गरिरहन्छौँ'



टिभी वीरगंज, रेडियो वीरगंज र मधेशदृष्टि दैनिकका अध्यक्ष ध्रुव साहले मधेशमा निष्ठाको पत्रकारिता गर्दै आगामी दिनमा पनि निडरसँग प्रस्तुत हुने बताएका छन् । उनले पत्रकारितामा मधेशमा रेडियो वीरगंज, टिभी वीरगंज र मधेशदृष्टि दैनिक फरक र निष्पक्ष पत्रकारिताको मानक रहेको र यो प्रतिष्ठा कायम रहिरहने बताएका छन् ।

केहीदिनअघि मालपोत कार्यालय पर्साको स्टिङ अपरेसन प्रकरणपछि सोमबार प्रेस विज्ञप्ति जारी गर्दै साहले भनेका छन्, 'जनताको मुद्दा यसरी नै उठाइरहन्छौँ, कोहीकसैको आर्थिक प्रभाव र हूलको दबाबले हाम्रो पत्रकारिता डग्मगाउने छैन ।' उनले सैयौँ जनताको भिडबाट प्रत्यक्ष प्रसारणमा जोडिँदा केही आवेश र केही भावनामा बगेको भनेर सर्वसाधारण र राज्यको सञ्चार नियामक निकायले दिएको सुझावलाई शिरोपर गर्दै आगामी दिनमा अरु तथ्य र सन्तुलित भएर प्रस्तुत हुने तर बदमासी निरुपणमा कुनै कसर बाँकी नराखिने बताए ।

उनले टिभी वीरगंज, रेडियो वीरगंज र मधेशदृष्टि दैनिकले प्रसारण र प्रकाशन गर्ने सामग्री सधैँ जनपक्षीय, जनताको आवाज र जनमुखी पत्रकारिताको मानक हुने बताए । 'यस्तो समाचार प्रकाशन र प्रसारण गर्दा केही हैरानी त भोग्नु पर्ला, तर जनताको मुहारमा खुशीको सञ्चार गराउने र जनताको सञ्चारगृह भनेर परिचित हुने अवसर हामी गुमाउने छैनौँ,' साहले भने, 'हामीले उठाएको विषयबस्तु जनताका पक्षमा थिए, रहनेछ, संसदमा समेत मालपोत कार्यालयको बदमासीमा हामीले गरेको खबरदारीबारे माननीय प्रभु साहले आवाज बुलन्द गरेर बदमासी र बेथितिबिरुद्ध अरु जेहाद छेड्न उत्प्रेरणा दिनु भएको छ, उहाँलाई संस्थाका तर्फबाट साधुवाद ।'









# प्रदेश लोकसेवा आयोगको पाँचौं वार्षिकोत्सव




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रदेश लोकसेवा आयोग, मधेश प्रदेशको पाँचौं वार्षिकोत्सवका उपलक्ष्यमा आयोगका अध्यक्ष, सदस्य, कर्मचारीहरू र आयोगसम्बद्ध सम्पूर्ण व्यक्तिसम्बद्धहरुलाई शुभकामना व्यक्त गरेका छन् । संवैधानिक व्यवस्थाअनुसार प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश संगठित संस्था, प्रदेशको अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको संगठित संस्थाका पदमा उपयुक्त उम्मेदवार छनौट गर्न मधेशमा प्रदेश लोकसेवा आयोग गठन भएको सोमबार पाँच वर्ष पुरा भएको छ । मुख्यमन्त्री सिंहले भनेका छन्, 'उम्मेदवार छनौटमा स्वच्छता र निष्पक्षता कायम गरी प्रदेश एवम् स्थानीय तहको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, प्रतिस्पर्धात्मक, उत्तरदायी, सेवामुखी र समावेशी योग्यता प्रणाली अवलम्बन गर्ने उद्देश्यका साथ आयोगको गठन भएको यहाँहरूलाई विदितै छ ।

स्वच्छता, निष्पक्षता र पारदर्शितामा आधारित मूल्यमान्यता एवम् मापदण्डअनुसार सक्षम राष्ट्रसेवकको उत्पादन र उत्पादित कर्मचारीको भविष्य सुनिश्चित गर्न आयोगको महत्त्वपूर्ण भूमिका नै यसप्रति जनतामा गहिरो विश्वासको कारक छ ।'

'मधेश प्रदेशको लोकसेवा आयोगले नियुक्ति सिफारिस, बढुवा, परामर्श आदिका लागि कानुनप्रदत्त दायित्व कुशलतापूर्वक निर्वाह गरिरहेको छ । प्रशासनयन्त्रमा गुणस्तर र चुस्तताको अपेक्षा गरिएको छ । सार्वजनिक प्रशासनलाई थप उत्तरदायी र जवाफदेही बनाउनुपर्नेछ । यस चुनौतीलाई प्रदेश लोकसेवा आयोगले अवश्य पनि सफलतापूर्वक पुरा गर्नेछ । सार्वजनिक प्रशासनमा योग्य, सक्षम र प्रतिभावान एवम् सिर्जनात्मक क्षमता भएकाहरूलाई आकर्षित गर्न आयोगले विशेष ध्यान दिनेछ भन्ने विश्वास लिएको छु । आयोगमा लामो समयदेखि रिक्त अध्यक्ष पद रिक्त रहँदा कामकाज बाधित रहँदै आएको थियो । मौजुदा सरकारले परिणाम दिनेगरी पदपूर्ति प्रक्रिया तीव्रताका साथ अघि बढाउँदा अध्यक्ष नियुक्त भएको छ ।

# विद्यार्थी हत्याको विरोधमा प्रदर्शन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सिन्धुलीमा धनुषाका विद्यार्थीलाई हत्या गरी मारिएको दाबी गर्दै स्थानीयले जनकपुर ढल्केबर सडक खण्ड अवरोध गर्दै विरोध प्रदर्शन गरेका छन् । उनीहरुले सिन्धुलीको कमलामाई नगरपालिका वडा नम्बर ६ स्थित भगवती माध्यमिक विद्यालयमा अध्ययनरत धनुषा, लक्ष्मीनियाँ–४ का १५ वर्षीय रजनीशकुमार साहलाई हत्या गरिएको भन्दै दोषीलाई कारबाही माग गर्दै विरोध प्रदर्शन गरेका हुन् । विद्यार्थीका आफन्त र स्थानीय आन्दोलित भएका हुन् । उनीहरुले सपहीस्थित जनकपुरधाम ढल्केबर सडक खण्ड अवरोध गर्दै विरोध प्रदर्शन गरे ।

'रजनीशलाई न्याय देऊ, हत्यारालाई कारबाही गर, प्रहरी प्रशासन मूर्दावाद' जस्ता नारा लगाउँदै स्थानीयले सडक अवरुद्ध गरेका थिए । विद्यालयका अनुसार भदौ २ गते कक्षा ८ मा अध्ययनरत रजनीश होस्टलको कोठामा झुन्डिएको अवस्थामा भेटिएका थिए । पासो काटेर उद्धार गरी धुलिखेलस्थिगत अस्पतालमा उपचार गराउने क्रममा उनको मृत्यु भएको थियो ।

तररजनीशका परिवारले विद्यालयकै संस्थापक, होस्टेल इन्चार्ज, प्रधानाध्यापकसहितले हत्या गरेको आरोप लगाएका छन् । घटना छानबीन र दोषीमाथि कारबाहीका लागि उजुरी दर्ता गराउन जिल्ला प्रहरी कार्यालय सिन्धुली पुग्दा बेवास्ता गरेको रजनीशका बुवा गणेशले बताए ।

# सुजुकीको नयाँ स्वीफ्ट कार जनकपुरधाममा उपलब्ध

**मधेसदृष्टि**
**जनकपुरधाम ।**
चार पाग्रे सवारी साधनकाको चर्चित उत्पादक सुजुकी नयाँ स्वीफट कार जनकपुरधाम ल्याएको छ ।

जनकपुरधाम स्थित सुजुकीको आधिकारिक विक्रेता प्रमोद एण्ड ब्रदर्श अटोले एपिकस्वीफ्ट मोडलको सो कारको एक समारोहका बिच सार्वजनिक गरेको छ । अटोका सञ्चालक युवा व्यवसायी प्रमोद कुमार साह, पत्रकार बीरेन्द्र रमण तथा प्रेस मञ्च धनुषाका अध्यक्ष अर्जुन मण्डलले सामुहिक रुपमा कार लञ्च गरेका छन् । सञ्चालक साहले यो नयाँ कार विद्युतिय कार जस्तै शुन्य रनिङ्ग खर्च र सुविधा तथा आधुनिक सुरक्षा सहितको रहेको बताए । कार किन्दा सुरुमा एक हजार लिटर पेट्रोल र पाँच वर्ष सम्मको सर्भिसिङ्ग र त्यसमा प्रयोग हुने मोबिल सहितका निशुल्क उलब्ध हुनेछ । कम्पनीको यो योजना नेपालभर रहेका सुजुकी गाडिका ३५ वटै सो रुपमा पनि लागु हुने छ । सुजुकीका विभिन्न मोडेलहरुका कारहरु फरक फरक हिसाबका छुटहरु लागु हुने छ । नाडाअटो शोमा सुजुकीले चौथो संस्करणको नयाँ एपिकस्विफट पनि सार्वजनिक गरेको छ । नयाँ एपिकस्विफटसँगै नाडाअटो शोमा सुजुकीका नयाँ एसयुभीहरु जिम्नी, फ्रोन्क्स, ग्रान्डभितारा र नया ब्रेजा डिस्प्लेमा हुने कम्पनीले जनाएको छ ।

# सरकार र संसद्का काम प्रभावकारी बनाइने

**काठमाडौ ।**
सत्तारुढ दलहरूले सरकार र संसद्का समग्र कामलाई थप प्रभावकारी, सन्तुलित र व्यवस्थित बनाउने सहमति गरेका छन् ।

प्रधानमन्त्री निवास बालुवाटारमा सत्तारुढ दलका शीर्ष नेताहरूको सोमबार बसेको बैठकमा सरकारका समग्र काममा सत्तापक्ष कसरी एकीकृत रुपमा प्रस्तुत हुने भन्ने विषयमा छलफल भएको बैठकमा सहभागी नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरेले जानकारी दिए ।

त्यस्तै, बैठकले कांग्रेस र नेकपा एमालेबीच भएको सातबुँदे सहमतिका विषयका आधारमा सरकारको न्यूतनम साझा कार्यक्रम बनाउने सहमति गरेको उनले बताए । बैठकमा संविधान संशोधन राष्ट्रको आवश्यकताका आधारमा सबैको स्वीकार्यता बढाउने गरी छलफल शुरु गर्नेलगायत विषयमा छलफल भएको थियो ।

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले संविधान संशोधनका विषयलाई भ्रमपूर्ण र अवाञ्छित रुपमा प्रस्तुत गरेको टिप्पणी गर्दै बैठकमा यस विषयमा समीक्षा भएको बैठकमा सहभागी एमालेका मुख्य सचेतक महेश बर्तौलाले जानकारी दिए ।

बैठकले जनतामा व्याप्त निराशालाई आशामा जगाउने उद्देश्यका साथ सरकारका कामलाई गति दिने विषयमा छलफल भएको उनले बताए । यसैगरी सत्तारुढ दलबीच दलीय आधारमा फरक मान्यता र धारणा भए पनि सरकार र संसद्का काममा साझा धारणाका साथ प्रस्तुत हुने सम्बन्धमा छलफल भएको मुख्य सचेतक बर्तौलाले जानकारी दिए ।

बैठकमा प्रधानमन्त्री एवम् एमाले अध्यक्ष केपी शर्मा ओली, कांग्रेस सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, जनता समाजवादी पार्टीका अध्यक्ष अशोककुमार राई, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ, जनमत पार्टीका अब्दुल खानलगायत सहभागी थिए ।

# एथलेटिक्स च्याम्पियनसिपमा भाग लिन भारत प्रस्थान




**मधेशदृष्टि**
**रौतहट ।**
दक्षिण एसियाली जुनियर यू–२० एथलेटिक्स च्याम्पियनसिपमा सहभागी हुन ९ खेलाडीसहित ११ सदस्यीय नेपाली टोली सोमबार भारतको चेन्नई प्रस्थान गरेको छ । टोलीमा नेपालका विभिन्न धावक तथा जम्पर खेलाडीहरू समावेश छन्, जसले विभिन्न इभेन्टहरूमा प्रतिस्पर्धा गर्नेछन् । प्रस्थान गर्नेमा रौतहट कटहरिया १ का आदेशकुमार यादवः १००/४०० मिटर दौड, युवराज विकः १००/२०० मिटर दौड, बादल कार्की र अजय विकः १५००/३००० मिटर दौड, विशाल गुरुङः लङजम्प/त्रिपलजम्प रहेका छन् ।

त्यसैगरी महिला अस्मिता भुजेल र नारायणी भण्डारीः १५००/३००० मिटर दौड, डिना गोपालीः १००/२०० मिटर दौड, अनिशा थारुः ४०० मिटर दौड, लङजम्प, त्रिपलजम्प, टोलीका मुख्य प्रशिक्षक उषाकुमारी कर्ण र प्रशिक्षक विमला राना रहेका छन् । आदेशकुमार यादव, बादल कार्की, र अजय विक बाहेक सबै खेलाडीहरूको यो पहिलो अन्तर्राष्ट्रिय प्रतियोगिता हो । टोलीलाई सफलताको शुभकामना दिँदै कर्णाली प्रदेशका अर्थ तथा योजना मन्त्री राजीव विक्रम शाह र राष्ट्रिय खेलकुद परिषद्का सदस्य–सचिव टंकलाल घिसिङले आइतबार एक कार्यक्रमबीच बिदाइ गरे ।

# मधेशका इञ्जिनियरलाई जिताउन...

डा.राउतले देश बनाउने दुरदृष्टि इञ्जिनियरसँगै भएकाले देशमाथि इञ्जिनियरको कब्जाका लागि पनि इजु, पिन र रिन गठबन्धनका पक्षमा मतदान गर्नुपर्ने औँल्याए ।

उनले कमजोर रहेको एनइएलाई इञ्जिनियर्सका हकहित र अधिकार स्थापित गराउने शक्तिशाली संस्था बनाउनुपर्नेमा जोड दिँदै मजदुरभन्दा पनि कम दशबाह्र हजार रुपैयाँमा काम गर्नुपर्ने इञ्जिनियरलाई सबल र सशक्त बनाउने ऐन, कानून र अन्य व्यवस्थाका लागि मूलधारका पार्टीले काम नगरेको तर इञ्जिनियरलाई भोट बैंकका रूपमा प्रयोग गरेको बताए । 'जनमत पार्टी इञ्जिनियरको पार्टी हो । जसरी डाक्टरको पीडा डाक्टरले बुझ्छ, त्यसरी इञ्जिनियरको पीडा इन्जिनियरले बुझ्छ,' डा.राउतले भने, 'इञ्जिनियर्सका समस्या समाधान र तिनको भिजन जनमतले लागु गर्नेछ ।'

अध्यक्ष राउतले कानून, न्याय सेवाका सचिवकै हाराहारीमा इञ्जिनियरिङ सेवाबाट समेत सचिव बन्नुपर्ने, इञ्जिनियरहरूका लागि प्रशिक्षण केन्द्र स्थापना र हरेक वडा तहमा इञ्जिनियरको नियुक्तिका विषयका लागि जनमत पार्टी लड्ने बताए । 'सडक, ढल, विद्यालय, सामुदायिक भवन, नक्साङ्कनलगायत धेरै काम वडामा नै छन् । हरेक वडामा एउटा इञ्जिनियरको नियुक्ति आवश्यक छ,' डा.राउतले भने, 'इञ्जिनियर नहुँदा बनाइएका संरचनाका कारण बाढी आउँदा घरभित्रै पानी पस्छ ।'

अध्यक्ष डा.राउतले मन्त्रालयका बजेट बनाउने, बजेट इन्ट्री गर्ने र लगत इस्टिमेट गर्ने काम इञ्जिनियरले नै गर्ने हुँदा इञ्जिनियरहरू एकढिक्का हुँदा मात्र देशमा समानान्तर सरकार चलाउन सकिने बताए ।

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले देशका दक्ष जनशक्ति विदेशमा अवसर खोजिरहेका बेला जनमत पार्टीका अध्यक्ष डा.सिके राउत देश बनाउने सङ्कल्प, साहस र दृढताका साथ अमेरिकाको प्रतिष्ठित संस्थामा वैज्ञानिकको भूमिका त्यागेर स्वदेश फर्केका दृष्टान्त उदाहरणीय भएको बताए ।

उनले डा.राउतको देश र जनताप्रतिको निष्ठा अनुकरणीय भएको भन्दै उनको विकास तथा समृद्धि प्रयासमा इञ्जिनियरहरू जुट्नुपर्ने औँल्याए । इञ्जिनियरिङलाई गुणस्तरीय, मर्यादित एवम् सम्मानित पेसामा परिणत गर्ने र इञ्जिनियरको पेसागत हकहितको सुनिश्चितताका लागि जनमत पार्टी शुरुदेखि नै लड्दै आएको मुख्यमन्त्री सिंहको कथन थियो ।

एनइएको चुनावमा इजु, पिन र रिन गठबन्धनको जित निश्चित रहेको विश्लेषणसमेत उनले सुनाए ।

एनइएको भदौ २८ गते हुने निर्वाचनमा मधेश प्रदेशमा जनकपुरधाम र वीरगंजमा मतदान केन्द्र राखिएका छन् । जनकपुरधाममा एक हजार एक सय १२ र वीरगंजमा तीन सय ६६ मतदाता छन् ।

इजु, पिन र रिन गठबन्धन इञ्जिनियर रामेश्वरप्रसाद कलवारको नेतृत्वमा केन्द्रीय कार्यकारिणी समितिको चुनावमा होमिएको छ ।

# 'पर्सा मालपोतमा बिनापैसा...

कर्मचारी संयन्त्रको नूर गिराउन खोजेको, काम गर्न शान्तिसुरक्षा नभएको जस्ता विषय उछालेका थिए । तर उनका सबै प्रयासहरु कमजोर सावित हुँदै गएका छन् ।

पैसाबिना कामै नहुने गरी सेवाग्राहीको फाइलमा दलालको संकेत कोड र ग्राहकको नम्बर हुनुपर्नेमा दलालको मोबाइल नम्बरका फाइलहरु उनले लुकाउन सक्छन् कि सक्दैनन्, अख्तियारलगायत स्थानीय प्रशासनले छापा मार्ने हो भने यो विषयबस्तुसमेत बाहिर आउनेमा हामी ढुक्क छौँ । सेवाग्राहीको समस्या उठाउँदा अनेक सास्ती दिएर टिभी वीरगंजका विषयमा बदनामी गर्न खोजेका मालपोत पर्साका प्रमुख डमरु निरौला स्वयम् झापाको दमकमा प्रमुख प्रशासकीय अधिकृत हुँदा महिलासँग मदिरामा लठ्ठिएर टिकटक लाइभमा भेटिएका विवादित व्यक्ति हुन् । पर्सा मालपोत कार्यालय आएपछि आफू त्यही पुरानो मुहारमा देखिँदा जनताले चिन्ने भएकाले दाह्री पालेर उनी फरक आवरणमा पुरानो कर्तुतबाट भाग्ने प्रयासमा थिए । तर दलालहरुको बिगबिगी, सेवाग्राही कार्यालयमा छिर्नै नसक्ने, दलालको सहयोगबिना काम नै नहुने कैयौँ उदाहरण आएपछि स्टिङ अपरेसन गरिएको हो । पहिला प्रशासनमा हुँदा पनि निरौला जग्गा कीर्तेमा जोडिएका अधिकृत हुन् । पर्सामा उनले अन्य सरकारी कार्यालयसँग पनि सम्बन्ध सुधार्न सकेका छैनन् । दलालको सेटिङमा पैसा लिएर मात्र काम गर्ने कैयौँ उदाहरणहरु आगामी दिनमा अरु पर्दाफास गर्दै जानेछौँ ।

## माईग्रेशन हराएको सुचना

**मिति २०८१/२/२७ गते घरबाट जनकपुरधाम जाने क्रममा मेरो निम्न व्यहोरा भएको माईग्रेशन प्रमाण पत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा सम्पर्क गरी सहयोग गर्नु हुन हार्दिक अनुरोध गरिन्छ।**

**नाम :– रुबी यादव**

**माईग्रेशन :**

+2 Registration No. :- 701712112
Serial No. :- M1269666
Symbol No. :- 21701048

**ठेगाना :– औरही गाउँपालिका वडा नं.–१, पौडेश्वर**
**सम्पर्क नं.–९८४३६९२०७०**

## वीरगंज महानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### विज्ञापन कर ठेक्कामा लगाउनेसम्बन्धी
### ३० दिने शिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रथमपटक प्रकाशित मिति २०८१/०५/२५**

वीरगंज महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयले विज्ञापन कर शीर्षकमा आव २०८१-८२ का लागि बहुवार्षिकरुपमा ठेक्का बन्दोबस्त गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४, वीरगंज महानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७, वीरगंज महानगरपालिकाको आर्थिक ऐन, २०८१ ले दिएको अधिकारको परिधिभित्र रही आन्तरिक आयका शीर्षकहरुबाट राजस्व संकलन गर्न मिति २०८१-०५-२३ गतेको निर्णयानुसार प्रथमपटक यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, फर्म वा संस्थाले तोकिएको समयावधिभित्र बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ ।

शर्तहरु

१. बोलपत्र फारम तपसिलमा उल्लेखित दस्तुर बुझाएको नगदी रसिदका साथ यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र यस कार्यालयको राजस्व व्यवस्थापन महाशाखाबाट खरीद गर्न सकिनेछ ।
२. बोलपत्र खरीद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराउन सकिनेछ। तोकिएको समयभित्र दर्ता हुनआएका शिलबन्दी बोलपत्रहरु सोहीदिन, दिनको ३:०० बजे बोलपत्रदाता स्वयम् वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहवरमा वीरगंज महानगरपालिका.नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
३. बोलपत्र साथआफूले कबुल गरेको ३ वर्षको जम्मा कबोल अंकको ५ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंकमा रहेको धरौटी खाता नं.१२५०१००३०३००००२ मा जम्मा गरेको सक्कलै भौचर वा वाणिज्य बैंक वा वित्तीय संस्थाले जारी गरेको सूचनामा १२० दिन म्याद भएको बिडबण्डको सक्कल प्रति संलग्न राख्नु पर्नेछ ।
४. बोलपत्रमा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्टरुपले उल्लेख गरी सहीछाप गरी पेश गर्नु पर्नेछ। केरमेट भई अंक र अक्षरमा फरक परे अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
५. बोलपत्र दाखिला गर्दा खाममा राखी शिलबन्दी खामको बाहिर यस कार्यालयको नाम र आय शीर्षक स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।
६. बोलपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको सोही समयअनुसार क्रमशः कायम हुनेछ ।
७. बोलपत्रसाथ वीरगंज महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको व्यावसायिक प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र एवम् अन्य कुनै कर बुझाउनु पर्ने बाँकी भए सोको चालु आवसम्मको कर तिरेको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ। बोलपत्र दाता व्यक्ति भए नागरिकताको प्रमाणपत्र तथा स्थायी लेखा नम्बर प्रमाणपत्र (प्यान) पेश गर्नु पर्नेछ ।
८. बोलपत्रमा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वीरगंज महानगरपालिकाको आर्थिक ऐन, २०८१, वीरगंज महानगरपालिकाको सार्वजनिक खरीद नियमावली, २०७७ र प्रचलित कानूनबमोजिम हुनेछ ।
९. तपसिलमा उल्लेखित आय शीर्षकको ठेक्का सकार अंकको किस्ता र बैंक ग्यारेन्टीसम्बन्धी व्यवस्था बोलपत्र फारममा उल्लेख गरिनेछ ।
१०. आफूले कबोल गरेको ठेक्का अंक बराबरको एकमुष्ठ रकम बुझाएमा न्यूनतम अंकमा नघट्ने गरी १० प्रतिशत छुट दिइनेछ ।
११. ठेक्कासम्बन्धी विषयमा कुनै किसिमको वादविवाद भएमा वीरगंज महानगरपालिकाले गरेको निर्णय नै अन्तिम निर्णय हुनेछ ।
१२. उल्लेखित ठेक्का सम्बन्धमा अन्य आवश्यक बुझ्नु परेमा यस कार्यालयको राजस्व व्यवस्थापन महाशाखामा सम्पर्क राख्नु हुन वा मोबाइल नम्बर ९८५४० २६३३३ मा सम्पर्क राखी बुझ्न सक्नु हुनेछ ।

| ठेक्का नं. | ठेक्काको नाम | वार्षिक न्यूनतम ठेक्का अंक (मु.अ.करबाहेक) | | ठेक्काअवधि | बोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) | कैफियत |
|---|---|---|---|---|---|---|
| ३/०८१/८२ | विज्ञापन कर | ४०,००,०००।- | (अक्षरेपी चालीस लाख रुपैयाँ मात्र) | ३ वर्ष | ३,०००।- | |

# पोखरी निर्माण र संरक्षणमा जुटे स्थानीय

**सिरहा ।**
जलवायु परिवर्तनको असरले पानीको सतह गहिरिन थालेपछि पर्यावरणिय सन्तुलन कायम गर्न सिरहाको लहानका स्थानीय सक्रिय हुन थालेका छन् । सामुदायिक वनका सदस्य पनि पोखरी संरक्षणमा सक्रिय हुन थालेका छन् । पोखरी निर्माण तथा संरक्षणले एकातिर हिउँदमा भूमिगत पानीको पुनर्भरण हुने तथा अर्कोतर्फ पर्यटकीय आगमन हुन गई आयआर्जनमा सघाउ पुग्ने स्थानीय बताउँछन् । चुरेको फेदमा पर्ने लहान—१५ स्थित शोभापुरमा दुई वर्षअघि ‘कोइरालो खोला नमुना सामुदायिक वन’ भित्रको सिमसार क्षेत्रलाई संरक्षण र व्यवस्थापन गरी ‘हात्तीदह’लाई पोखरीको रुप दिइएपछि अहिले रमणीयस्थल बन्न पुगेको छ । करिब तीन हेक्टर क्षेत्रफलमा फैलिएको पोखरीमा आन्तरिक तथा बाह्य पर्यटकले अवलोकन भ्रमण गर्ने गरेका छन् ।

पोखरी बनेपछि त्यस क्षेत्रका वरिपरिका बस्तीमा सुख्खायाममा पनि पानीको स्रोत बढेको कोइरालो खोला नमुना सामुदायिक वनका अध्यक्ष रुद्रनारायण चौधरीले बताए । ‘सिमसार क्षेत्रलाई संरक्षण गरी ठूलो क्षेत्रफलमा पोखरी निर्माण गरिएपछि हिउँदामा पनि नजिकैका बस्तीमा भूमिगत पानीको सतह घटेन । पहिला पहिला ५०÷६० फिट गहिरो इनार खन्दा पनि पानीको सतह भेटिन छोडेको थियो । तर, पोखरी निर्माणपछि ३०÷३५ फिट मुनि पानीको स्रात देखापर्न थाल्यो’, अध्यक्ष चौधरीले भने, ‘पोखरी बनेपछि पर्यटकको आगमन हुने, व्यावसायिक ढङ्गले सञ्चालन गर्न सकिने, पानीका स्रोत बढ्ने, आगलागी र सुख्खायाममा त्यहाँको पानी प्रयोग गर्न सकिनेलगायत फाइदा पुगेको छ ।’ हिँउदमा पानीको सतह घट्न नदिन आफ्नो सामुदायिक वनभित्र अन्य चारवटा पोखरी निर्माण गरिएका अध्यक्ष चौधरीले जानकारी दिए । उनका अनुसार करिब ६ हेक्टर क्षेत्रफल ओगटेका उक्त पोखरीमा सिञ्चित पानीले नजिकैका भेडियाटोल, मोहनपुर, शोभापुर, बसाजोरी, डाँडाँटोललगायतका बस्तीमा भूमिगत पानीको सतह घट्न पाएको छैन । पूर्व–पश्चिम राजमार्गको उत्तरी क्षेत्र पर्ने चुरेको काखमा अधिकांश स्थानमा पानीको सतह सुकेर हाहाकार हुँदासमेत आफ्नो घरमा नियमित ट्युवेलमा पानी आएको स्थानीय हृदयनारयण महतोले बताए । उक्त सिमसार क्षेत्रलाई संरक्षण र व्यवस्थापन गरी ‘इको टुरिजम’ विकास गर्न डिभिजन वन कार्यालय लहान, वृहत जलाधार व्यवस्थापन कार्यलय उदयपुर, राष्ट्रपति चुरे संरक्षण विकास, लहान नगरपालिका, सङ्घीय संसद्, १५ नं वडा लगायतको सहयोग रहेको अध्यक्ष चौधरीले जानकारी दिए । पोखरीको सौन्दर्यकरण, विद्युतिकरण, पूर्वाधार निर्माण गरी पर्यापर्यटन प्रवद्र्धनका लागि सहयोग प्राप्त भएपछि ‘इको टुरिजम’ क्षेत्रको विकास गर्न सम्भव भएको उनले भने । त्यसैगरी लहान—१५ स्थित बाबाजी खोला सामुदायिक वनले पनि विभिन्न सङ्घ संस्थाको सहयोगमा दुईवटा पोखरी निर्माण गरेको अध्यक्ष जागेश्वर चौधरीले जानकारी दिए । खाली जग्गामा पोखरी निर्माण गरी त्यसमा माछापालन तथा डुङ्गा सञ्चालन गरी आय–आर्जनसँग स्थानीयवासीलाई जोड्न सकिन्छ । मुहानमा वर्खाको पानी जमाउने र जमिनलाई रिचार्ज गरेर मुहान सुक्नबाट जोगाउन रिचार्ज पोखरी उपयोगी हुन्छ । वर्खाको पानीबाट हुने जमिन कटान रोकथाम गर्दै मुहान संरक्षण गर्न रिचार्ज पोखरी निर्माणको काम सुरु गरिएको उनले बताए । जलवायु परिवर्तनको असर चुरे आसपसका बस्तीमा बढी परेको देखिन्छ । हरेक ठाउँमा पानीका मुहान वर्षेनि सुक्दै गएका छन् । पोखरीले जमिनमा पानीको रिचार्जको काम गर्दछन् । आहाल नै मासिएपछि जमिन रिचार्ज नै हुन नपाएर पानीका मूल मासिँदै गएको विज्ञहरु बताउँछन् । उनीहरुका अनुसार वर्खाको पानी जम्मा गरी वरिपरीको जमिनलाई चिस्यानयुक्त बनाउन यस्ता पोखरीले रिचार्जको काम गरेको हुन्छ । यहाँका अन्य सामुदायिक वनमा पनि स्थानीय प्रयास र सरकारी तथा गैरसरकारी निकायको सहयोगपछि खुल्ला चौरमा परिणत भएका धेरै पोखरीको पुनर्उत्थान तथा सिमसार क्षेत्रको संरक्षण कार्य भइरहेको छ ।



**झोलुङ्गे पुल :** सर्लाहीको चुरेक्षेत्र तथा रौतहट जिल्लाको नुनथरलाई जोड्न बागमती नदीमाथि बनाईएको झोलुङ्गे पुल । झोलुङ्गे पुल जिर्ण भईसकेको भन्दै पुलमा घुइँचो नगर्न, नहल्लाउन र मोटरसाईकल चलाउन रोक लगाइएको बोर्ड टाँगिएको छ । तस्बिरः विश्वनाथ ठाकुर /रासस

# शहर कुरुप बनाउनेलाई महानगरको कारबाही

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले सहरलाई कुरुप बनाउने गरी विद्युतका पोल तथा खाली भित्ताहरुमा ब्यानर, पोस्टर, पम्प्लेट टाँस्नेलाई कारबाही गर्न सुरु गरेको छ । महानगरपालिकाले जथाभावी पोस्टर–पम्प्लेट नटाँस्नका लागि गरेको आग्रहलाई अटेर गरेर टाँस्नेलाई समातेर कारबाही गर्न सुरु गरेको हो । आइतबार राति जथाभावी पर्चा, पम्प्लेट टास्दै गरेको अवस्थामा महानगरको सरसफाई टोलीले एक जनालाई नियन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि प्रहरीमा बुझाएको छ । छिमेकी देश भारतको रक्सौलका चिकित्सकको




नाममा हाइड्रोसिल, बबासिर, भगन्दर, गुप्त रोग, चर्म रोग लगायतको रोगको उपचार हुने भन्दै वीरगंजका विभिन्न स्थानमा जथाभावी पम्प्लेट टाँस्दै गरेको अवस्थामा एक जनालाई पक्राउ गरिएको महानगरको सरसफाई शाखा प्रमुख सर्फुद्दिन मियाँले जानकारी दिए । पक्राउ पर्नेमा भारतको जिल्ला लुधियाना ग्राम सिक्रीका संजय मलिक रहेका छन् । उनलाई थप कारबाहीका लागि वडा प्रहरी कार्यालय विर्तामा बुझाइएको मियाँले जानकारी दिए । विभिन्न शिक्षण संस्था, इन्स्टिच्युट, सीपमूलक तथा व्यावसायिक तालीम दिने संस्था र वैदेशिक अध्ययनमा पठाउने संस्थाका साथै भारतीय ‘झोले’ डाक्टरहरुले यसप्रकारको प्रचार सामग्री शहरका पोलपोल र भित्ताहरुमा टाँस्नुका साथै वितरण गर्ने गरेको पाइएको छ । महानगरको सरसफाई शाखा र नगर प्रहरीको टोलीले अहिले नियमितरुपमा अनुगमन गरी कारबाहीको प्रक्रिया अघि बढाएको सरसफाई शाखा प्रमुख मियाँले जानकारी दिए । घर र पर्खालका भित्ता, टेलिफोन, बिजुलीको खम्बा (पोल) मा पम्प्लेट र पोष्टर टाँस्न नदिने गरि सडकलाई सफा बनाउने अभियानलाई महानगरले तिव्रता दिएको हो । शहरी सौन्दर्यमा असर पर्ने गरी विभिन्न प्रचार सामग्री टाँस्न र भित्तेलेखन गर्न महानगरले रोक लगाएको मियाँले बताए ।

# ‘अपना जिल्लाके हई शेर’ को छायांकन शुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
भोजपुरी गीतको भिडियो एल्बम ‘अपना जिल्लाके हई शेर’ को छायांकन बारामा सोमबारदेखि सुरु गरिएको छ ।

बाराको कलैयाास्थित सिद्धेश्वर मन्दिरमा सोमबार पूजापाठ गरि छायांकन सुरु गरिएको हो । बारा क्षेत्र नम्बर ४ (ख) का नेपाली कांग्रेसका सभापति लोकेश सिंहले छायांकनको शुम्भार गरेका थिए । अनिस चौरसियाको निर्देशनमा बन्न लागेको भिडियो एल्बममा गायक धर्मेन्द्र पटेल, गीतकार कवि अंशुमन, संगीत जयदेश माही, मेकअप सुरभी साह, सम्पादन नितेश गुप्ताको रहेको छ ।

उक्त भिडियो एल्बममा मूख्य अभिनय भारतकी प्रसिद्ध कलाकार क्वीन तान्याको रहेको छ । भिडियो एल्बमको छायांकन शुभारम्भ कार्यक्रममा सिद्धेश्वर मन्दिर व्यवस्थापन समितिका अध्यक्ष मुनिन्द्र शर्मा, कलैया उपमहानगरपालिका वडा नम्बर ३ का वडाध्यक्ष मोहन साह, ज्योतिष पण्डित छविरमण सुबेदी लगायतको पनि उपस्थिती रहेको थियो ।

२०८१/०५/२९ गते जनकपुरधाम उद्योग वाणिज्य संघक
होवऽ जारहल निर्वाचनमे
सबका साथ
व्यापारीका विकास
क्रम संख्या
3

सचिव पदक
उम्मेदवार
राकेश पजियार
B.Sc. MLT (Pathology), M.Sc. (Microbiology)
के भारी मत सँ विजयी बनाओल जाय ।
प्रतिष्ठान:
- ऐलिना प्याथलोजी एण्ड डायगनेष्टिक सेन्टर
- ऐलिना डिष्ट्रिमब्युटर्स
जनकपुरधाम,
संघ-संस्थामा संलग्नता :-
- वर्तमान अध्यक्ष, धनुषा मदिरा संघ
- पूर्व जि.स.स. सदस्य, जउवासंघ
मो.-९८५४०२७६६५, ९८१४८४७०७७

# बिपी कोइरालाको जन्मजयन्ती मनाइयो

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाको १११ औँ जन्म जयन्ती वीरगंजमा पनि मनाइएको छ । नेपाली कांग्रेस पर्साले स्व. विश्वेश्वर प्रसाद (बि.पि.) कोइरालाको जन्म जयन्तीले मनाएको हो । कार्यक्रमको अध्यक्षता नेपाली कांग्रेस पर्साका कार्यवाहक सभापति रामनारायण कुर्मीले गरेका थिए । बि.पि. विचार गोष्ठीको रूपमा आयोजित यस कार्यक्रममा विभिन्न विश्लेषक, नेताहरू, र पार्टी सदस्यहरूको उपस्थिती रहेको थियो । विचार गोष्ठीलाई सम्बोधन गर्दै विश्लेषक तथा पत्रकार चन्द्रकिशोर झाले बिपी कोइरालाको जीवन, राजनीतिक संघर्ष, र साहित्यिक योगदानमाथि प्रकाश पारे । उनले बिपीको राजनीतिक विचारधाराले नेपालमा प्रजातन्त्रको स्थापनामा महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै, उनको साहित्यिक योगदानलाई पनि स्मरण गराए । बिपीलाई सृजनशील नेता र समाज सुधारकको रूपमा सम्मान गरिनुपर्नेमा उनले जोड दिए । उपस्थित नेपाली कांग्रेसका नेता ओमप्रकाश शर्माले बिपीलाई प्रजातान्त्रिक मूल्य र मान्यताका प्रतिकका रूपमा चर्चा गरे । त्यस्तै, वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमले बिपीको आदर्श र विचारधाराले आजको समाजलाई सही मार्गदर्शन दिने कुरा व्यक्त गरे।

यस गोष्ठीमा नेपाली कांग्रेस पर्साका सचिव इम्तियाज आलम, कोषाध्यक्ष प्रेम थापा, सहसचिव नवीन सिंह, मदन यादव, नेता ओमप्रकाश उपाध्याय, श्याम पोख्रेल, शान्ति कार्की, रामरुप कुर्मी,



किसान संघ पर्साका अध्यक्ष राजेश तिवारी, महिला संघकी किरण शर्मा, तरुण दलका अध्यक्ष विकास तिवारी र नेविसंघ पर्साका अध्यक्ष रमेश यादव लगायतको सहभागिता रहेको थियो उता, नेपाली कांग्रेसका संस्थापक नेता तथा पूर्व प्रधानमन्त्री स्व. बिश्वेसर प्रसाद (बिपी) कोइरालाको १११औँ जन्मजयन्तीको उपलक्ष्यमा बाराको कलैयामा आइतबार वृक्षारोपण गरिएको छ । नेपाली कांग्रेस बाराको आयोजनामा कलैया उपमहानगरपालिका वडा नम्बर १७ ब्रम्हपुरीस्थत सार्वजनिक जग्गामा विभिन्न प्रजातिका २ सय वटा विरुवा रोपिएको बाराको क्षेत्र नम्बर ४ ’ख’ का कांग्रेस सभापति लोकेश सिंहले जानकारी दिए । कांग्रेस बाराका सभापति राजेश राय यादवको अध्यक्षतामा भएको वृक्षारोपण कार्यक्रममा कांग्रेस बाराका उपसभापति मनोज भट्ट, सहसचिव प्रमोद यादव, क्षेत्र नम्बर ४ ’ख’ का सभापति लोकेश सिंह, नेपाल तरुण दल बाराका अध्यक्ष दिपेन्द्र पटेल, वडा नम्बर १७ का वडाध्यक्ष दीपेन्द्र कुशवाहा, कांग्रेस जिल्ला सदस्य रवि शाह, क्षेत्रीय सचिव नाजीर अन्सारी लगायतको पनि सहभागिता रहेको थियो । विसं १९७१ भदौ २४ गते जन्मेका कोइराला नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्रीका साथै नेपाली साहित्य जगतमा पनि विशिष्ट व्यक्तित्वका रुपमा स्थापित भए । विसं २०१५ सालको आम निर्वाचन पश्चात् १८ महिना नेपालका प्रधानमन्त्री बनेका कोइरालाले नेपालको प्रजातान्त्रिक आन्दोलनमा लामो समय नेतृत्व गरेका थिए । भारतमा रहँदा तत्कालीन समयमा चलेको स्वतन्त्रता आन्दोलनबाट प्रभावित स्वर्गीय कोइरालाले सो आन्दोलनमा सक्रिय रहनुका साथै नेपाली राष्ट्रिय काँग्रेसको स्थापना गरेकोमा त्यो पछि गएर नेपाली काँग्रेस पार्टीमा रुपान्तरित भएको थियो । विसं २००३ सालमा विराटनगर मजदुर आन्दोलनको नेतृत्व गरेका कोइरालको नेतृत्वमा २००७ सालको क्रान्तिले सफलता प्राप्त गरेको थियो । विसं २००३ सालमा विराटनगर मजदुर आन्दोलनको नेतृत्व गरेका कोइरालको नेतृत्वमा २००७ सालको क्रान्तिले सफलता प्राप्त गरेको थियो । विसं २०१७ साल पुस १ गतेको राजा महेन्द्रको कदम पश्चात् कुनै मुद्दा बिना नै आठ वर्ष कैदमा राखिएका कोइरालाले तत्पश्चात् लामो समयसम्म निर्वासनमा बसेर २०३३ सालमा राष्ट्रिय मेलमिलाप नीतिका साथ स्वदेश फर्किएका थिए ।

## माईग्रेशन हराएको सुचना

**मिति २०८१/२/२७ गते घरबाट जनकपुरधाम जाने क्रममा मेरो निम्न व्यहोरा भएको माईग्रेशन प्रमाण पत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा सम्पर्क गरी सहयोग गर्नु हुन हार्दिक अनुरोध गरिन्छ।**

**नाम :– धिरेन्द्र कुमार यादव**

**माईग्रेशन :**
+2 Registration No. :- 681721012
Serial No. :- M1196187
Symbol No. :- 31702745
**ठेगाना :– औरही गाउँपालिका वडा नं.–१, पौडेश्वर**
**सम्पर्क नं.–९८४३६९२०७०**

## सम्पादकीय

# भदौ सकिँदा पनि राजधानी आउन सास्ती

*सोमबारकै कुरा हो, त्रिभुवन राजपथअन्तर्गत नौबिसे नागढुङ्गा सडकखण्ड लेदोसहितको पहिरोले अवरुद्ध भयो । धादिङको धुनिबेशी नगरपालिका–९ सुरुङमार्ग नजिक सडकमाथिबाट खसेको लेदो माटोले सडक दुईतर्फि अवरुद्ध भएको हो । लुम्बिनी प्रदेश ०१००१ ज ०००५ नम्बरको स्कार्पियो जीप लेदोमा फस्न पुग्यो । निरन्तरको वर्षासँगैको लेदोले सडक अवरुद्ध हुँदा सवारीको जाम लाग्दा यात्रुले दुःख पाए । काठमाडौंबाट पूर्व–पश्चिमका जिल्लातर्फ छुटेको यात्रु बससहित साना ठूला सबै सवारी सडकमै रोकिए । गन्तव्यमा जान सकेनन् । राजमार्गमा ठूलो मात्रामा लेदो थुप्रो लागेकोले खुलाउन पाँच घण्टाभन्दा बढी समय लाग्यो । निरन्तर पानी परिरहेकाले लेदो पन्छाउन कठिनाइ भएको थियो । यस्तै, काठमाडौं–मुग्लिङ सडक खण्डमा पहिरो खस्दा यातायात अवरुद्ध भयो । काठमाडौं–मुग्लिङ सडक खण्डअन्तर्गत सुरुङमार्ग आसपासमा पहिरो खस्दा सडक अवरुद्ध भयो । सडकमा पहिरो खस्दा दुईतर्फी आवतजावत अवरुद्ध भएको हो । सडक अवरुद्ध हुँदा यात्रु बीचबाटोमै रोकिए । यसरी काठमाडौं जाने दुई वटा राजमार्गको समस्या ज्युँका त्युँ भयो । सडक विभागको काम पहिरो पन्छाउने भन्दा बाँकी रहेन ।*

*यस्तै समस्या छ, हेटौँडाबाट गढी हुँदै ललितपुर निस्कने कान्ति लोकपथमा । अनि भीमफेदी हुँदै काठमाडौ आउने फाखेल र सिस्नेरी सडकमा पनि । दुवै वैकल्पिक राजमार्गमा पहिरोको उस्तै समस्या छ । यसले काठमाडौंको आउने लाइफलाइनमा सधैँ समस्या हुने गरेको छ । भदौ सकिन लागेको छ । चाडपर्वले छपक्कै छोपिसकेको छ । तर वर्षा नघट्दा यात्रुको यात्रा सुरक्षित हुन सकेको छैन । यात्रा असुरक्षित हुँदा पनि यात्रा भने गर्नैं पर्ने बाध्यता छ । देशको पूर्व, मधेश र सुदूरदेखि कर्णाली, लुम्बिनी, गण्डकीबाट राजधानी काठमाडौ आउने राजमार्गको हालतले यात्राभर परिवारका सदस्यहरु भने पुगेको र फर्केको खबर नआएसम्म भगवान पुकारेर बस्नु पर्ने बाध्यता छ । सञ्चारमाध्यममा आँखा दौडाइरहनु पर्ने अवस्था छ, बाटो खुल्यो कि खुलेन भनेर । राजमार्गको सुधार नहुँदा यात्रा एकदम असुरक्षित बनेको छ । अर्कातिर भनेको समयमा नपुग्दा बन्ने काम पनि बिग्रने गरेको छ । बसाइ लामो हुँदा खर्च बढेर आर्थिक भार पनि बढिरहँदा सर्वसाधारण निकै समस्यामा पर्ने गरेका छन् । राजमार्गको अवस्थाबारे सूचना दिने संयन्त्र पनि छैन । लामो लाइनमा बस्नु पर्ने, कतै त पानी र खाजासमेत उपलब्ध नहुने हाम्रो भौगोलिक अवस्था छ । यसैले कुन राजमार्गको कुन ठाउँमा कस्तो समस्या छ भनेर सूचना दिने संयन्त्र विकास गर्न सके गन्तव्यमा हिँडेका यात्रु अलि परै सुरक्षित स्थानमा बस्ने थिए । अर्कातिर बाटोमा पर्ने अनेक समस्याबाट उन्मुक्ति पाउँथे । जस्तो, पानी, खाजा, औषधीको जोहो गर्न भ्याउँथे । तर हाम्रो राजमार्गको यात्रा भगवानभरोसे छ । विमानको यात्रा पनि उस्तै छ । जे होस्, हत्केलामा प्राण राखेर यात्रा गर्नु पर्ने बहादुर नेपालीका सन्तानमा हामी परिणत भइरहेका छौँ ।*

# विपीको समाजवाद र आजको सान्दर्भिकता



अर्जुन नरसिंह केसी

नेपाली कांग्रेसको नीति स्थापनाकालदेखि नै समाजवादी राजनीतिक दर्शनबाट प्रेरित रह्यो । आर्थिक असमानताको अन्त्य, आर्थिक क्रान्ति तथा आत्मनिर्भरमुखी प्रगति, कृषिमा आधारित औद्योगिकीकरण र गरिबी उन्मूलन नेपाली कांग्रेसको अर्थतन्त्रको उद्देश्य हो । समाजवादबाट ओतप्रोत, सबै किसिमका दमन तथा शोषणबाट मुक्त नागरिकको उद्यम, सीप तथा रोजगारीमा आधारित र राज्यको संरक्षणात्मक वातावरण मातहत पूर्ण प्रतिस्पर्धामा सञ्चालित नियमित तथा अकुण्ठित बजारको भूमिका भएको अर्थतन्त्र नै नेपाली कांग्रेसको आर्थिक पक्षको ढाँचा हो । कृषि, जलस्रोत, पर्यटन र जडीबुटीको प्रचुर सम्भावना र समृद्धिका आधार हुन् भन्ने कांग्रेसको उम्याइ छ । आफैँसँग भएका जन, जल, जमिन, जङ्गल, जडीबुटी र सीपजस्ता आधाभूत साधन वा पदार्थबाट नेपालको दिगो विकासको गति अघि बढाइनुपर्छ भन्ने नेपाली कांग्रेसको मान्यता रहेको छ।

योजनाबद्ध विकास गतिविधि, प्राकृतिक र मानव संसाधनको अधिकतम परिचालन, ग्रामीण अर्थतन्त्रको समानुपातिक विकास तथा त्यस निम्ति राष्ट्रिय बजेटमा प्राथमिकता, उपेक्षित वर्ग वा समुदाय एवं बेरोजगार वर्गको राज्यद्वारा संरक्षण गर्नुपर्छ भन्ने कुरालाई नेपाली कांग्रेसले आफ्नो आधारभूत आर्थिक नीति बनाएको छ । गरिब, उपेक्षित र सीमान्तीकृत क्षेत्र, वर्ग वा समुदायको न्यूनतम आयको सुनिश्चितता र सामाजिक न्याय तथा सुरक्षाको प्रत्याभूति राज्यले दिनुपर्ने कांग्रेसको अर्थनीतिको आधारभूत र अनिवार्य प्रतिबद्धता रहँदै आएको छ । निजी क्षेत्रको सशक्तीकरण कांग्रेस चाहन्छ, तर आवश्यकता पर्दा बजार हस्तक्षेप गर्नसक्ने सामथ्र्य, पूर्णप्रतिस्पर्धात्मक बजारलाई व्यवधान हाल्ने 'सिन्डिकेट'वादी वा कार्टलवादी सामूहिक एकाधिकारवादी बजार संयन्त्रको विरुद्धमा कांग्रेस रहेको छ।

बिपी कोइरालाले नेपाली कांग्रेसले वरण गरेको प्रजातान्त्रिक समाजवादबारे धेरै व्याख्या गर्नुभएको छ । उहाँ भन्नुहुन्थ्यो, "हामीहरू समाजवादी हौँ । त्यसैले हामीहरू त्यस्तो व्यवस्था खडा गर्न चाहन्छौँ, जसले गरिबको हित गरोस् । नेपाल भन्ने बित्तिकै त्यो नेपाल गरिबको नेपाल हो। त्यो नेपाल गाउँको नेपाल हो । त्यो झुपडी र छाप्रोको नेपाल हो। नेपाल ठूला घर, महल र धनाढ्य मानिसहरूको नेपाल होइन । त्यसैले नेपालको उन्नति भनेको ठूलाठूला धनीहरूको उन्नति होइन । किसानको उन्नति गर्ने, मध्यम वर्गीय मानिसको उन्नति गर्ने, शिक्षक र कर्मचारीको उन्नति गर्न तथा जो सुकुम्वासी छन् उनीहरूको उन्नति गर्ने, यो हो विकास वा उन्नति भनेको समाजवादी दृष्टिकोण।

उहाँको दृष्टिकोणमा समाजवाद भनेको केवल आर्थिक कार्यक्रम मात्र होइन, सामाजिक रूपान्तरण र न्यायपूर्ण समतामूलक समाजको स्थापना तथा सांस्कृतिक सुधार पनि हो । उत्पादन वृद्धि मात्र समाजवाद होइन, यो त पुँजीवादमा हुन्छ नै। उत्पादन वा उत्पादकत्वको वृद्धि मात्र आर्थिक विकासको पूर्णता पनि होइन, उत्पादनको न्यायोचित वितरण पनि आर्थिक पक्षको उत्तिकै जरुरी कुरा हो । नत्र धनी र गरिबका बीच ठूलो खाडल कायम रहिरहन्छ र त्यहीँबाट अन्याय, अशान्ति र अर्को द्वन्द्वको सुरुआत हुन्छ । अतः उत्पादनको न्यायोचित वितरण पद्धति हो समाजवाद । लोकतन्त्रले उत्पादन र उत्पादकत्व बढाउने वातावरण बनाउँछ÷बनाउनुपर्छ, समाजवादले उत्पादनको न्यायोचित वितरणको बाटो बनाउँछ।

समाजवाद विश्वव्यापी बौद्धिक आन्दोलनको परिचयात्मक शब्द हो । यस आन्दोलनको तात्पर्य समाजका आर्थिक सङ्गठनहरूले गरेका आर्थिक शोषण र त्यसबाट उत्पन्न सामाजिक विकृतिको अन्त्य गरी पूर्ण स्वतन्त्रताको वातावरणमा मानव विकासको मार्ग विस्तृत बनाउनु हो । समाजवादले समाजमा भएका असमानताको अन्त्य गरी समन्यायका आधारमा वितरण र अवसरलाई प्राथमिकता दिँदै सामाजिक परिवर्तन तथा रूपान्तरणका लागि वातावरण बनाउँछ । बिपीकै भाषामा भन्नुपर्दा, राजनीतिक र आर्थिक समानताको आन्दोलनका लागि प्रेरणा दिनु समाजवादको मुख्य लक्ष्य हो । समाजवादले राजनीतिक र आर्थिक पाटोलाई स्वीकार गर्छ।

विपीद्वारा प्रादुर्भाव नेपाली कांग्रेसको प्रजातान्त्रिक समाजवादले समाजका सबै वर्गको समान हक–अधिकार र विकासलाई सँगसँगै लगेको देखिन्छ। नेपालमा गाउँ नै गाउँ भएको र विभिन्न जातजाति बस्ने भएकाले ग्रामीण जनताका लागि लक्षित गरिएको विकास साँचो अर्थमा विकास हुन्छ। सहरको विकासमा मात्र जोड दिँदा वास्तविक समाजवाद अपनाएको मानिँदैन र त्यसलाई विकास पनि मानिँदैन। शिक्षा र स्वास्थ्यसेवा क्षेत्रमा निजी क्षेत्रको एकाधिकार र राज्यको भूमिकाहीनतालाई समाजवादले स्वीकार गर्दैन। शिक्षित र स्वस्थ नागरिकको सुनिश्चितता कांग्रेसको समाजवाद हो । यी दुवै सेवामा राज्यले आफ्नो यथेष्ट बजेट विनियोजन गर्नाका साथै नागरिकलाई मुनाफारहित सेवा दिनुपर्छ। एक अर्थमा समाजवाद सामाजिक समुदायहरुबीच राष्ट्रियस्तरबाट सुखदुःख भाग लगाउने राजनीतिक कला पनि हो। त्यसकारण समाजवाद विज्ञान र कला दुवै हो । यो नै दीर्घकालीन शान्ति, अन्तरजातीय सद्भाव र सामाजिक ऐक्यबद्धताको आधार हो र राष्ट्रिय एकताको आधारशिला पनि हो।

विसं २०१२ माघ ९ देखि १२ गतेसम्म वीरगंजमा भएको नेपाली कांग्रेसको छैटौँ महाधिवेशनले सुवर्ण शमशेरलाई पार्टीको सभापतिमा निर्वाचित गर्‍यो। यसै अधिवेशनमा कांग्रेसले समाजवादको नीति अवलम्बन गरेको हो । कांग्रेसले वरण गरेको प्रजातान्त्रिक समाजवादको नीति र कार्यक्रममा राजनीतिक प्रणाली तथा आर्थिक नीतिका पक्षबारे स्पष्ट निर्णय लिइएको थियो । राजनीतिमा प्रजातान्त्रिक प्रणाली, आर्थिक ढाँचा समाजवादी प्रणालीको विकास, संसदीय प्रजातन्त्र तथा संसद्मार्फत जनताप्रति उत्तरदायी मन्त्रिमण्डलको ब्यवस्था, सर्वव्यापी वयस्क मताधिकार, एक सदनको संसद्, विकेन्द्रित प्रशासन, स्वतन्त्र न्याय विभाग, लिङ्ग, वर्ण एवं जाति निरपेक्ष राजनीतिक एवं नागरिक अधिकारको स्थापना, प्रजातन्त्रीय परम्पराको सुरक्षा, प्रमाणिक प्रशासक वर्गको जनसेवा आयोगद्वारा योग्यताका आधारमा नियुक्ति, हिसाब–किताबको निमित्त स्वतन्त्र महालेखा परीक्षक र शासनमा एकरूपता ल्याउन निमित्त राज्य (राजा रजौटा) हरूको उन्मूलन।

आर्थिक नीतिमा, प्रजातान्त्रिक पद्धतिद्वारा समाजवादी अर्थ व्यवस्थाको स्थापना, सम्पूर्ण व्यवस्थाको राष्ट्रियकरण एवं विभिन्न उद्योगको एकीकरण,जमिनमा भएको सामन्तवादी अधिकारको उन्मूलन, क्षतिपूर्ति विना जङ्गलको राष्ट्रियकरण, बिर्ता होल्डिङको राष्ट्रियकरण, शिर र जिरायत जमिनको पुनः वितरण, जमिन्दारी प्रथाको उन्मूलन, सरकार तथा जमिन मालिकका बीच मध्यस्थविना तिरो बुझाउने व्यवस्थाको स्थापना, जमिनको सीमा निर्धारण र जमिनको चकलाबन्दी, समाजवादी कार्यक्रमअन्तर्गत निर्णय लिइएको थियो । कांग्रेसको दृष्टिमा पेटभरि खान पाइने आसाले मात्र दुनियाँमा कहीँ पनि आन्दोलन भएको छैन। आर्थिक पक्षबाहेक मानिस समानता र न्यायका लागि पनि लडिरहेको हुन्छ।

समानता र न्यायको पक्षमा नेपाली कांग्रेसको मान्यतालाई लोकतान्त्रिक समाजवादले पूर्णता दिन्छ । लोकतन्त्रको सबैभन्दा सुन्दर पक्ष समानता र न्याय हो । लोकतन्त्रको अभिन्न अङ्ग हो समाजवाद । यो केवल प्रतीक होइन, नारा होइन । समाजवाद नेपाली कांग्रेसको प्रतिबद्धता हो, जसलाई प्रजातन्त्रको इन्जिनले गति दिन्छ । कृषिमा औद्योगिकीकरण, सेवाको औद्योगिकीकरण, सम्पूर्ण उत्पादन क्षेत्रको औद्योगिकीकरण प्रजातान्त्रिक समाजवादले खोजेको हुन्छ । लोकतन्त्रलाई समाजवादीकरण गर्न सकिएन भने त्यस्तो लोकतन्त्रले पनि अनेक अराजकता, असन्तुलन, विकृति र तानाशाह जन्माउने साधन बन्ने जोखिममा पर्न सक्छ । संविधानको मौलिक हकमा उल्लेख गरिएको शिक्षा, स्वास्थ्य र रोजगारको अधिकारलाई सुनिश्चित गरिएको छ तर यो विषय बिपीले उहिले नै परिकल्पना गर्नुभएको थियो । उहाँले भन्नुभएको थियो, "हरेक जनताको एउटा घर होस्, बालबच्चालाई विद्यालय पठाउने वातावरण होस्, बिरामी पर्दा औषधिमूलो गर्ने पैसा होस् अनि आफ्नो श्रम र सीपको उपयोग गर्न पाउनुपर्ने व्यवस्था । यसको सान्दर्भिकता र उपयोगिता अहिले पनि त्यत्तिकै छ।

नेपालमा मात्र होइन, बिपी कोइरालाले दिनुभएको समाजवादका व्याख्यानलाई गम्भीरताका साथ हेरिने गर्दछ । कांग्रेसको समाजवादलाई बुझ्न बिपीका विचारहरुलाई बुझ्नुपर्छ । उहाँको विचारमा समाजवादमा जीवनका लागि साधन र पुँजीको माध्यमहरुको सञ्चालन एवं वितरण सबैका लागि समान हुनुपर्छ । आर्थिक समानतामा उत्पादनको वृद्धि अपेक्षित छ । समाजवादको आर्थिक धरातलमा मात्र राष्ट्रियताको अभिवृद्धि र प्रजातन्त्रको सुदृढीकरण सम्भव छ । समाजवाद कुनै कानुन होइन, आन्दोलन होइन, बरु यो एउटा सांस्कृतिक आन्दोलन हो।

प्रजातन्त्रले राजनीतिक समानता स्थापित गर्छ र समाजवादले आर्थिक समानतालाई आश्वस्त पार्छ भन्ने उहाँको धारणा थियो । विपीले समाजवाद र साम्यवादको फरकबारे स्पष्ट पार्दै भन्नुभएको छ, 'समाजवाद भनेको साम्यवाद हो । त्यसमा प्रजातन्त्र थपिएको हुन्छ र साम्यवाद भनेको समाजवाद हो, त्यसमा प्रजातन्त्र झिकिएको हुन्छ ।' साम्यवादमा प्रजातन्त्र थपिदिएमा त्यो समाजवाद भयो । समाजवादबाट प्रजातन्त्र झिकिदियो भने त्यो साम्यवाद हो । प्रजातन्त्र र साम्यवाद पारस्परिक रुपमा विपरीत दर्शन भएकाले एकै ठाउँमा मिल्न नसक्ने स्पष्ट छ । त्यसैले उहाँको भनाइको मूल मर्म भनेको यी दुवै दर्शनका सकारात्मक पक्षलाई समेटेर लोकतान्त्रिक समाजवादको मध्यमार्गी बाटो अपनाउनु उपयुक्त हुनेछ । (नेपाली कांग्रेसका नेता केसीसँग गरिएको कुराकानीमा आधारित) रासस

# संवैधानिक नैतिकता र विपी कोइराला



शङ्कर तिवारी

प्रथम विश्व युद्ध प्रारम्भ भएको सालमा जन्मिएका विपी कोइरालाको एक शताब्दी, एक दशक र एक वर्षयता आएर सम्झना गर्नुको उपादेयता वा सार्थकता के होला आफैँमा एउटा गम्भीर प्रश्न छ । विपी जन्मिँदाको समय नबुझीकन बिपीले तय गरेको जीवन यात्रा बुझ्न सकिँदैन । युरोपको र अमेरिकाको केही भूभागबाहेक सबैतिर सामन्तवाद, तानाशाही र उपनिवेशवाद व्याप्त थियो । विपी नेपालमा जन्मिने अवसरबाट वञ्चित भएका थिए, कारण नेपाल भन्ने देश राणाशाही अन्तर्गत थियो । तर त्यो कुराले उनलाई नेपाली बन्नबाट रोकेन । उनी त झन् आधुनिक नेपालको परिचायक र उन्नयक बनेर उदाए।

आज पनि बिपीलाई नजिकबाट देखेका र सङ्गत गरेका उनका परिवार बाहेकका मानिसहरूको कमी छैन । के बिपीको परिचय बिपीको परिवार र उनलाई नजिकबाट देखेका मानिसहरूको दायरामा मात्र सीमित छ त, निश्चय पनि छैन । बिपीले गरेका एक–एक राजनीतिक, साहित्यिक, सांस्कृतिक कर्म चिन्तन र अनुशीलनले आज प्रत्येक नेपाली नागरिक संस्कारित र दीक्षित भएको छ । नेपाली हुनुमा गौरव गर्ने जो कोहीले पनि एकपटक बिपी कोइरलाको जीवनको कुनै वयमा तादत्म्यता महसुस गरेको हुन्छ, उनको साहित्य र राजनीति योगदानकोको कारणले।



बिपी एउटा सुसंस्कृत मानिस थिए । लोकतन्त्रको महत्व बुझेर र लोकलाई त्यसको महत्व बुझाउन जीवनलाई एक होइन, अनेक पटक दाउमा राखेका थिए । साहित्य सिर्जना गरेका थिए । कविता, उपन्यास कथा संस्मरण अनुवाद आदि कार्य गरेका थिए । त्योभन्दा बेसी आधुनिक समयको नेतृत्व गर्ने सुयोग्य नेता थिए, पथप्रदर्शक थिए । उनले स्थापना गरेको पार्टी नेपाली कांग्रेसको बलशाली उपस्थिति नेपाली राजनीतिमा यथावत् छ।

आज बिपीलाई सम्झिनु एउटा कर्मकाण्ड हुन पुगेको छ तर कर्मकाण्डले मात्र त उनको विरासत र अवदानलाई न्याय हुँदैन । पार्टीको विशाल संरचना बिपी विचारको असली ध्वजावाहक बनेर गर्व मात्र होइन दम्भसमेत गर्दछ । त्यो कुरामा विस्तारै बदलाव आउँदैछ। गत वर्ष मात्र नेपाली कांग्रेस पार्टीले पार्टी मुख्यालय सानेपामा एउटा बृहत् साहित्य महोत्सव गरेको थियो । त्यहाँ कांग्रेसको विचारसँग सहमत नहुने साहित्यिक कवि लेखकहरु समेत कांग्रेस पार्टीको निम्तोमा ससम्मान बिपी चर्चा र चिन्तनमा निर्धक्क सहभागी थिए । त्यो नेपाली राजनीतिक संस्कारमा देखापरेको एउटा सकारात्मक बदलाव थियो । आज गणतन्त्रको युगमा बिपीलाई कांग्रेसभन्दा ज्यादा राजा चाहनेहरुले प्रासङ्गिक देखेका छन् । यो एउटा रोचक संयोग मात्र होइन । कुनै पनि इतिहास पुरुष माथिको हक दावा परस्पर विरोधी पक्षले गर्नु भनेको चानचुने कुरा होइन । इतिहासलाई सम्यक दृष्टिले हेर्ने हो जो कोही यस्ता घटनालाई सामान्य रूपमा लिन्छन् । बिपी एक क्रान्तिकारी थिए । उनको क्रान्तिकारिताभित्र उग्रताभन्दा ज्यादा सौम्यता र मध्यमार्ग थियो।

बिपीको विराट व्यक्तित्व पार्टी वा देशको दायरामा मात्र सीमित हुने चीज थिएन । उनको आयतन व्यापक थियो । दक्षिण एसियालाई झकन्झोर हल्लाएको भारतीय स्वतन्त्रता सङ्ग्राममा सक्रियतापूर्वक भाग लिएको, जेलनेल भोगेको, त्यतिले नपुगेर नेपालमा प्रजातन्त्र स्थापनाका लडाइँको नेतृत्व गरेर प्रथम जननिर्वाचित प्रधानमन्त्री बनेको, दक्षिण एसियाको नक्सा बदल्ने अन्तिम परिघटना बङ्गलादेश स्थापनाको आन्दोलनलाई सक्रिय समर्थन गरेर बङ्गलादेश विजय नेपालमा लोकतन्त्र पुनःस्थापनाको मार्ग आधा विजय भनेर वक्तव्य दिएको, यस्ता अनेकन राजनीतिक घटनाक्रम छन्, जहाँ उनले निर्णायक हस्तक्षेपका कर्ता भने साक्षी बने र बने हेतु पनि । उनले एउटा सिङ्गो युगलाई आफ्नो काँधमा बोकेर हिंडे।

उनको जीवनकालमा उनलाई सोचे जति सफलता मिल्न सकेन तर जति मिलेको थियो त्यो पनि कम्ती भने थिएन। उनका प्रिय लेखक अल्बर्ट क्यामुले जीवन्त बनाएको ग्रिक पुराणको अभिशप्त पात्र सिसिफस जस्तो लोकतन्त्रको भारी बोकेर उनी टाकुरा माथि र तल गरी रहे । उनको लडाइँ खेर जाने कुरा थिएन र गएन पनि । आज त्यही लडाइँको परिणाम लोकतन्त्र टाकुराभन्दा माथि गणतन्त्र बनेको छ।

कुनै बेला भारतीय संविधानसभाको आखिरी बैठकमा अम्बेडकर भन्दै थिए–आजदेखि हामी सबैले एउटा सुविधा गुमाउँदैछौँ, अब अङ्ग्रेजलाई गाली गरेर पुग्दैन । उनीहरू त भारत छोडेर गई सके । अब हामी ज्यादा जिम्मेदार बन्नुपर्दछ । यस्तै यस्तै । नेपालमा पञ्चायतको अवधिभर र बहुदलकालमा राजाको भक्ति वा निन्दा गरे चल्थ्यो । के अब गणतन्त्रको युग त्यसरी चल्छ त, उत्तर स्पष्ट छ चल्दैन । हाम्रा नेताहरु एक अर्कालाई गाली गरेका छन्, गला पनि मिलाएका छन् । तर जनता रनभुल्लमा छन्, उनीहरू किन एकापसमा गाली गरिरहेका छन् र गला पनि मिलाइरहेका छन् भनेर । यो अन्योलले निराश भरेको छ, आक्रोश बढाएको छ।

लोकतन्त्रमा एउटा जनादेशपछि त्यो जनादेशको पालन गर्ने अनुशासन र धैर्य त्यसका सरोकारवालाहरुसँग हुनै पर्दछ । पाँच वर्ष संसद्को आयु भनेपछि त्यो धैर्य त्यो संयम सबै राजनीतिक दलमा समान रूपमा हुन पर्दछ । बिपीले सत्तामा जाने कुरालाई ज्यादा प्रधानता दिनु भएन । २०१४ सालमा प्रधानमन्त्री पद अस्वीकार गर्नुभयो । पछि राजा वीरेन्द्रलाई जनमत सङ्ग्रहको बेला भन्नुभयो, "सरकार मैले तपाइँले दिन सक्नेभन्दा माथिल्लो चीज पाइसकेको छु । म प्रथम जननिर्वाचित बनिसकेको मान्छे, जति पटक प्रधानमन्त्री बने पनि बन्ने भूतपूर्व प्रधानमन्त्री नै हो । म उन्नत लोकतन्त्र देख्न चाहन्छु । तपाईंको पिताले खोसेको जनअधिकार बहाली चाहन्छु । मेरो जस्तो आर्थिक अवस्था प्रत्येक नागरिकको बनाउन चाहन्छु । यस्तै यस्तै ।

आज संविधान संशोधन गर्ने भनेर बनेको नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) सम्मिलित सरकार वा प्रतिपक्षमा रहेका नेता प्रचण्डको भूमिका यो संविधानलाई कामयाब गराउन कति सहायक भयो । त्यसको मूल्याङ्कन गर्ने बेला भएको छ । जसले आफैँले जारी गरेको संविधानलाई संवैधानिक नैतिकताको कसीमा सम्मान गर्न र पालन गर्न सकेन उनैले संविधान संशोधनको कुरा गर्दा त्यो जनस्तरमा विश्वसनीय बन्न सकिरहेको छैन । त्यो बारेमा आजको दिनमा शीर्ष नेताहरुले मनन गर्नुपर्नेछ।

विपीका लागि सत्ता अन्तिम आकर्षणको कुरा थिएन । सत्ता उनका लागि जनताको आजीविका बदल्ने पवित्र साधन थियो । अन्तर्राष्ट्रिय मञ्चमा नेपालको व्यक्तित्व फैलाउने माध्यम थियो । सत्ताबारे लोकतन्त्रबारे उनको सामान्य कुरा थियो– संविधान दिने मानिस वा संविधान निर्माता चाहे त्यो राजा होस् वा जनता त्यो संविधानप्रति जिम्मेवार र वफादार अनि प्रतिबद्ध हुनु पर्दछ । आजको गणतन्त्र नेपालको सङ्कटको समाधान बिपी कोइरालाको यही वचनमा भेट्न सकिन्छ । सङ्घर्षले खारिएर असामान्य उचाइ हासिल गरेका बिपीको यही एउटा वचन मात्र आजका नेताले पालन गर्न सके उनको योगदानप्रतिको सम्मान हुनेछ । (लेखक राजनीतिक विश्लेषक हुनुहुन्छ) रासस

# 'विपीको चिन्तन अनुसरण गरी काङ्ग्रेसलाई थप सुदृढ बनाउनुपर्छ'



**काठमाडौँ ।**
नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीका संस्थापक नेता विपी कोइरालाको दर्शन, सोच र चिन्तनलाई पूर्णरुपले अनुसरण गरी पार्टीलाई अझ बढी सुदृढ बनाउनुपर्ने बताएका छन् ।

प्रथम जननिर्वाचित प्रधानमन्त्री विपी कोइरालाको १११ औँ जन्मजयन्तीका अवसरमा सोमबार नेपाली लेखक सङ्घ काठमाडौँ शाखाले विपी सङ्ग्रहालय सुन्दरीजलमा आयोजना गरेको साहित्यिक महोत्सव उद्घाटन समारोहलाई सम्बोधन गर्दै सभापति देउवाले बिपीले प्रजातन्त्रका लागि गरेका सङ्घर्षबाट पार्टीका नेता, कार्यकर्ता एवं शुभेच्छुकले प्रेरणा लिनुपर्ने बताए ।

विपीले प्रजातन्त्र स्थापना एवं पुनःस्थापना, नेपालको दिगो विकास र नेपाली साहित्यमा पु¥याउनु भएको योगदानलाई देशव्यापीरुपमा प्रचारप्रसार गरी कांग्रेसलाई थप सशक्त बनाउने अभियानमा लाग्न सभापति देउवाले पार्टीका नेता, कार्यकर्तालाई निर्देशन दिए ।

विपी कोइरालाको राष्ट्रिय एकता तथा मेलमिलापको नीति अहिले पनि उत्तिकै सान्दर्भिक रहेको उल्लेख गर्दै उनले कांग्रेसले सधैँ सबै दलबीच मेलमिलापका लागि समन्वय गर्दै आएको बताए ।

विपी कोइरालाको जन्म १९७१ भदौ २४ गते भएको थियो । जहानियाँ राणा शासनको विरोधमा उनका पिता कृष्णप्रसाद कोइरालाले गरिब किसानले पहिरेको कपडा राणा प्रधानमन्त्री चन्द्रशमशेरलाई पार्सल गरी पठाएपछि कोइराला परिवार भारत निर्वासनमा जानुपरेको थियो । विपी बाल्यावस्थादेखि नै नेपालमा प्रजातन्त्र स्थापनाका लागि सक्रिय रहेका थिए ।

विसं २०१५ को आमनिर्वाचनमा कांग्रेसले दुई तिहाइ बहुमत प्राप्त गरेपछि प्रथम जननिर्वाचित प्रधानमन्त्री बन्नुभएका कोइरालाले नेपालमा राष्ट्रियता, प्रजातन्त्र र समाजवाद स्थापनाका लागि राजनीतिक नेतृत्व प्रदान गरे । प्रधानमन्त्रित्वकालमा उनले बिर्ता उन्मूलन गरी 'जग्गा जोत्नेको हुनुपर्छ' भन्ने भूमिसुधार कार्यक्रम लागू गराए ।

विसं २०१७ पुस १ गते शाही नेपाली सेनाको शक्तिका भरमा जननिर्वाचित सरकार अपदस्त गरिएपछि कोइरालालगायत नेतालाई सिंहदरबारमा बन्दी बनाइएको थियो । एक महिनापछि सेनाको सुन्दरीजल आर्सनलका प्रमुखको सरकारी निवासलाई वरिपरि पर्खालले घेरेर नेता कोइराला, संसद्का प्रथम सभामुख कृष्णप्रसाद भट्टराई, नेता गणेशमान सिंहलगायत मन्त्रीलाई सुन्दरीजल बन्दी गृहमा सारिएको थियो ।विसं २०२५ मा स्वास्थ्यपरीक्षणका लागि जेल मुक्त हुनुभएका कोइरालाले आठ वर्षसम्म भारतमा निर्वासित जीवन बिताए ।

भारतमा निर्वासित भएर प्रजातन्त्र पुनःस्थापनाका पक्षमा सङ्घर्ष गर्दा राष्ट्रियता कमजोर भएको विश्लेषण गरी आठ वटा ज्यान मुद्दाको पर्वाह नगरी उनी २०३३ पुस १६ गते राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई स्वदेश फर्किए । उनले अपनाएको मेलमिलापको नीति आज पनि मुलुकको राजनीतिमा उत्तिकै सान्दर्भिक मानिन्छ ।

मेलमिलापको नीति लिएर नेपाल फर्किएपछि नै बहुदल वा सुधारिएको पञ्चायत भन्ने विकल्पमा जनमत सङ्ग्रहको वातावरण बन्यो । धाँधली गरेर बहुदललाई हराएको भनी देशव्यापी गुनासो भए पनि बिपीले निर्वाचन परिणामलाई स्वीकार गरे । क्यान्सर रोगबाट विपीको २०३९ साउन ६ गते निधन भएको थियो । विपीको निधनपछि कांग्रेस र यसका भ्रातृ एवं शुभेच्छुक संस्थाले साउन ६ गते स्मृति दिवस र भदौ २४ गते जन्मजयन्ती मनाउँदै आएका छन् ।

यसैगरी बिपीले राष्टिय एकता तथा मेलमिलापको नीति लिई २०३३ पुस १६ गते भारत निर्वासन त्यागी नेपाल फर्कनुभएको सम्झनामा मेलमिलाप दिवससमेत मनाउने गरिन्छ । रासस

# 'जनताको जनधनको सुरक्षा गर्नु राज्यको दायित्व'

**काठमाडौँ ।**
प्रतिनिधिसभाको सोमबारको बैठकमा सांसद प्रेमबहादुर महर्जनले जनताको जनधनको संरक्षण गर्ने दायित्व राज्यको रहेको भन्दै नदी किनारामा बस्दै आएका काठमाडौँवासीको संरक्षण गर्न सरकारलाई ध्यानाकर्षण गराएका छन् ।

बैठकको विशेष समयमा सांसद महर्जनले भाडा उठाएर जीविकोपार्जन गर्ने काठमाडौँवासीको कमजोर आर्थिक स्थितिप्रति सरकार संवेदनशील हुनुपर्नेमा जोड दिए ।

सांसद गणेश पराजुलीले नेपाली कांग्रेसका उपसभापति एवं पूर्वमन्त्री धनराज गुरुङ सहकारी ठगी प्रकरणमा मुछिएको भन्दै निष्पक्ष छानबिनका लागि सरकारसँग माग गरे । उनले सामाजिक सञ्जालमा सरकारको गतिविधि गरेको आधारमा नागरिकलाई पक्राउ गर्न नहुने धारणा राखे । सांसद पराजुलीले एपीवान टेलिभिजनमा जेबी राईको लगानीबारे पनि निष्पक्ष छानबिन हुनुपर्ने माग गरे । उनले नागरिकताको अधिकारबाट वञ्चित हुनु परेकाबारे ध्यानाकर्षण गराए ।

सांसद रोशन कार्कीले बागमती र सहायक नदीमा विगतमा निर्धारित मापदण्डमा दायाँबायाँ न्यूनतम अर्को थप २० मिटर क्षेत्र खाली गर्ने, निर्माण निषेधित क्षेत्र तोक्ने सर्वोच्च अदालतको फैसलामाथि पुनरावलोकनमा ढिलाइ गर्न नहुने बताए । उनले भने, 'यस फैसलाले हजारौँ जनताको भविष्य डुबानमा पर्छ । छिट्टै पुनरावलोकन हुनुपर्छ ।' रासस

# 'सर्वोच्चको फैसलाविरुद्ध पुनरावलोकनमा जानुपर्छ'



**काठमाडौँ ।**
सांसद राजेन्द्र पाण्डेले काठमाडौँ उपत्यकको नदी किनारासम्बन्धी सर्वोच्च अदालतको फैसलाले ठूलो समस्या ल्याउने बताएका छन् ।

प्रतिनिधिसभाको सोमबारको बैठकको विशेष समयमा उनले भने,'यो फैसलाले जनतामाथि ठूलो समस्या सिर्जना हुँदैछ । करिब ६ लाख नागरिक विस्थापित हुने अवस्था देखिएको छ । नागरिकलाई सुकुम्वासी बनाउने गरी भएको सो फैसलाविरुद्ध सरकारले तत्काल पुनरावलोकनमा जानुपर्छ ।'

सांसद वीरेन्द्रप्रसाद महतोले बैदेशिक रोजगारीलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउन सरकारले ध्यान दिनुपर्नेमा जोड दिए । उनले युवालाई स्वदेशमै रोजगारीको व्यवस्था गर्ने योजना ल्याउन सरकारसँग आग्रह गरे । सांसद अब्दुल खानले देशभरका अस्पतालमा पर्याप्त जनशक्ति र पूर्वाधार नहुँदा नागरिकले सहज स्वास्थ्य सेवा पाउन नसकिरहेको उल्लेख गर्दै नागरिकको उचित स्वास्थ्योपचारको प्रबन्ध गर्न सरकारसँग माग गरे ।

सांसद राजकिशोर यादवले भ्रष्टाचार निवारणका लागि राज्यले स्थापना गरेको संरचनामाथिको विश्वसनीयता कमजोर हुँदै जानु विडम्बना भएको बताए । उनले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पुनःसंरचना गरेर जानुपर्नेमा जोड दिए । सांसद लालवीर चौधरीले बर्दियामा लामुखट्टेको प्रकोप देखिएको जानकारी दिँदै त्यहाँका नागरिकलाई तत्काल झुलको प्रबन्ध गर्न सरकारको ध्यानाकर्षण गराए । सांसद प्रेम सुवालले बसाइँसराइ जिल्लाभित्र मात्रै सीमित गर्न सरकारसँग माग गरे ।

सांसद राजेन्द्र केसीले काठमाडौँका खोला किनारसम्बन्धी फैसलालबारे सर्वोच्च अदालतले पुनः विचार गर्नु उपयुक्त हुने सुझाव दिए । रासस

# सुरक्षित यात्रा र महँगी नियन्त्रणका लागि सांसदद्वारा सरकारको ध्यानाकर्षण

**काठमाडौँ ।**
सांसदहरुले नजिकिँदै गएको चाडपर्वमा सुरक्षित यातायात सेवा र महँगी नियन्त्रणका लागि सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा शून्य समयमा सांसद बिजुला रायमाझीले आउँदै गरेको चाड दसैँमा काठमाडौँ उपत्यकाबाट लाखौँको सङ्ख्यामा नागरिक बाहिरिने भन्दै लामो दूरीको यात्रा सुरक्षित बनाउन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए । उनले सवारी दुर्घटनाको जोखिम न्यूनीकरणका लागि सडक मर्मत र सम्भार गर्न माग गरे । 'मनसुनका कारण पहाडका सडक क्षतविक्षत् छन । लामा दूरीका सडक जस्तै मुग्लिन–नारायणगढ, नारायणगढ–बुटवल खण्ड अत्यन्त जोखिमपूर्ण यात्रा गर्नुपर्ने अवस्था छ', सांसद रायमाझीले भने, 'उक्त सडक खण्डमा सामान्य समयमा पनि लामो समय जाममा बस्नुपर्ने बाध्यता छ । अब दसैँका समयमा काठमाडौँबाट बाहिरने यात्रु यही सडकमा हिँड्दा अवस्था के होला ?'

यस्तै, अर्का सांसद रामकृष्ण यादवले चाडपर्व नजिकिँदै गर्दा अहिल्यै दैनिक उपभोग्य खाद्यन्नको मूल्य वृद्धि हुन राम्रो सङ्केत नभएको बताए । उनले अत्यावश्यक सेवा तथा उपभोग्य वस्तुको महँगी नियन्त्रणका लागि सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराए । 'चाडपर्व लक्षित कालोबजारी र कृत्रिम अभावको नियन्त्रण गर्न आग्रह गर्छु', सांसद यादवले भने ।

शून्य समयमा बोल्दै सांसद रेखा शर्माले पनि चाडपर्वको समयमा सडकको स्तरोउन्नति नहुँदा सडक दुर्घटना बढ्नेप्रति सचेत गराए । उनले बुटवल–नारायणगढ सडक पुनःनिर्माणमा भइरहेको ढिलाइप्रति ध्यानाकर्षण गराउँदै चाडपर्व लक्षित गरेर उक्त सडक तत्काल मर्मतसम्भार गर्न माग गरे ।

सांसदहरु रोशन कार्की र रुक्मणी राना बराइलीले दसैँको मुखमा खाद्यान्नको मूल्यवृद्धि र अभावले आम नागरिकलाई चाडपर्वप्रतिको मनोविज्ञानमा डर पैदा गरेको गुनासो गरे । उनीहरुले बजारको अनुगमनसँगै सडक सुरक्षाका लागि आवश्यक सबै प्रकारको तयारी थाल्न सरकारको ध्यानाकर्षण गराए । सभाको शून्य समयमा सांसदहरुले सर्वोच्च अदालतले काठमाडौँ उपत्यकाको बागमतीसहितका नदी किनारामा निर्माण निषेधित क्षेत्र तोक्ने मापदण्डसम्बन्धी फैसलाप्रति असन्तुष्टिसमेत व्यक्त गरे ।

बागमतीसहितका नदी किनारामा २० मिटर खाली छाड्नुपर्ने फैसलाले धेरै घरपरिवार प्रभावित हुने भन्दै सांसद रामहरि खतिवडाले उक्त फैसलामाथि सरकारले छिट्टै पुनरावलोकन (भ्याकेट) को मा जान माग गरे । 'सर्वोच्च अदालतको फैसलाका कारण उपत्यकावासी जो नदी किनारामा बसोबास गरिरहेका छन्, उनीहरुको उठिबास हुने भएको छ । सरकारले भ्याकेटमा भएर जनतालाई सहज हुने काम गर्नुपर्छ', सांसद खतिवडाले भने । सांसद खतिवडासँगै अर्का सांसद मेटमणि चौधरीले पनि उक्त फैसलाको भ्याकेटमा जान माग गरे ।

शून्य समयमा सांसद लालप्रसाद सावा लिम्बूले लालपुर्जा वितरणमा भइरहेको ढिलाइप्रति ध्यानाकर्षण गराए । उनले सरकारको लक्ष्यका बाबजुद पनि ठोस उपलब्धि हासिल नभएको भन्दै अधिकार सम्पन्न आयोग गठन गर्न माग गरे । '१८ वटा भूमि आयोग गठन र विघटन भए तापनि १३ लाख भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुले लालपुर्जा प्राप्त गर्न सकेका छैनन्', सांसद लिम्बूले भने ।

सांसद भगवती चौधरीले मोरङ, सुनसरीस्थित बूढीखोला करिडोर योजना निर्माण अलपत्र परेको बताए ।

यस्तै, सांसद भीमप्रसाद आचार्यले इनरुवा क्षेत्रको सडक निर्माणलाई तीव्रता दिन ध्यानाकर्षण गराए । सांसद मनिष झाले धनुषा जिल्लामा पर्यटनको सम्भावनाका विषय उल्लेख गर्दै अध्यागमन कार्यालय र इलाका प्रशासन कार्यालयको यथाशीघ्र व्यवस्थापनको माग गरे ।

सांसद माधव सापकोटाले दोलालघाटदेखि तातोपानीको सडक मर्मत एवं स्तरोन्नतिका लागि सरकारको ध्यानाकर्षण गराए । सांसद मीना तामाङले आकस्मिक, शून्य र विशेष समयमा सदनमा उठेको कुराप्रति सरकार जवाफदेही हुनुपर्ने सुझाव दिए । सांसद मङ्गप्रसाद गुप्ताले भारतीय पर्यटकको सवारी साधानमाथि लाग्ने कर वृद्धिले पर्यटकलाई हतोत्साहित गरेको बताए ।

सांसद रणकुमारी बलम्पाकी मगरले मुलुकको समृद्धिका लागि सकारात्मक प्रयास र उदाहरण छायाँमा परेको गुनासो गरे । सांसद रणेन्द्र बरालीले सत्तापक्ष र प्रतिपक्षबीच मुलुक निर्माणका लागि एक हुन सुझाव दिए । सांसद रेखा यादवले खेलाडीप्रति सरकारले लगानी बढाउन जोड दिए । सांसद लक्ष्मी तिवरीले मङ्की पक्सबारे सतर्कता अपनाउन देशका विभिन्न सीमामा विशेष सुरक्षा र स्वास्थ्य सतर्कता अपनाउन सचेत गराए ।

सांसद मुक्ताकुमारी यादव, सांसद मेनकाकुमारी पोखरेल, रमा कोइराला पौडेल र राजेन्द्र बजगाइँले मुलुकको समग्र विकास एवं समृद्धिका लागि सरकारको ध्यानाकर्षण गराए । शून्य समयमा नेपाली कांग्रेसका सांसदहरुले विपी कोइरालाको जन्मजयन्तीका अवसरमा उनको स्मरणसमेत गर्नुभयो । रासस

# 'समानुपातिक निर्वाचन प्रणाली खारेज गर्ने गरी संविधान संशोधन गर्नु हुँदैन'

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद हितबहादुर तामाङले समानुपातिक निर्वाचन प्रणाली खारेज गर्ने गरी संविधान संशोधन गर्न नहुने बताएका छन् ।

वर्तमान संविधानको मूल उद्देश्य जीवित राख्दै संविधान संशोधन गरिए मात्रै संविधान संशोधनमा सहयोग गर्ने उनले उल्लेख गरे । प्रतिनिधिसभाको सोमबारको बैठकमा विशेष समयमा बोल्दै सांसद तामाङले अहिलेको संविधानमा विद्यमान रहेका जनताका अधिकारलाई कुण्ठित गरेर २०४७ सालको संविधानतिर उन्मुख हुने कार्य कदापी मान्य नहुने बताए । उनले भने, 'यदि संविधान संशोधन नै गर्ने हो भने समानुपातिक निर्वाचन प्रणाली नै खारेज गर्ने गरी होइन, २०७२ सालको संविधानमा विद्यमान रहेका सबै भाव जीवित राख्नुपर्छ ।'

सांसद तामाङले संविधानमा उल्लेख गरिएको सङ्घीय गणतन्त्र, धर्म निरपेक्षता र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने सबै संवैधानिक व्यवस्थाको प्रतिकूल नहुने गरी संविधान संशोधन गरिनुपर्नेमा जोड दिए । साथै उनले कार्यकारी अधिकारसहितको प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको व्यवस्था गर्ने गरी पूर्ण समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्ने गरी संविधान संशोधन गरेमा मात्रै आफ्नो पार्टीले समर्थन जनाउने बताए । रासस

# यो सरकारले आर्थिक विकास र समृद्धिका क्षेत्रमा काम गर्छः ऊर्जामन्त्री खड्का

**खाँदबारी ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले दुई ठूला राजनीतिक दल मिलेर वर्तमान सरकार बनेकाले यो सरकारले जनताको आर्थिक विकास र देशको समृद्धिका क्षेत्रमा काम गर्ने बताएका छन् ।

नेपाली काङ्ग्रेस सङ्खुवासभा जिल्ला कार्यसमितिले सोमबार खाँदबारीमा आयोजना गरेको एक सय ११ औँ विपी जयन्ती तथा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्रीको सम्मानमा आयोजित कार्यक्रममा देशको आवश्यकता अनुसार संविधान संशोधन गर्नेगरी दुई दल मिलेर सरकार बनेको बताए । 'यो सरकारले नागरिकमैत्री सेवा प्रवाह, भ्रष्टाचारको अन्त्य, सुशासनलगायत क्षेत्रमा काम गर्नेछ', उनले भने ।

मन्त्री खड्काले नयाँ सरकार गठनपछि मुलुकको आर्थिक, पर्यटकीय गतिविधिमा परिवर्तन आएको बताउँदै अब प्राकृतिक स्रोतसाधनको उचित प्रयोग गरेर देशको विकास गर्ने उल्लेख गरे । सङ्खुवासभाको शिर उच्च राख्नेगरी काम गर्ने उनले बताए । उनले सङ्खुवासभाभित्र रहेका स्रोतसाधनको उच्चतम प्रयोगमार्फत शिर उच्च हुनेगरी काम गर्ने प्रतिबद्धता जनाए । नेपाली काङ्ग्रेसका नेतासमेत रहेका मन्त्री खड्काले जनतामैत्री सेवा प्रवाहमा केन्द्रित हुन पार्टीबाट निर्वाचित जनप्रतिनिधीलाई आग्रह गरे । 'जनताले हाम्रा कामको मूल्याङ्कन गरिरहनुभएको छ, तसर्थ उहाँहरुको सहजता र सुविधाका लागि काम गर्नुहोस्',उनले भने ।



ऊर्जामन्त्री खड्काले आगामी १० वर्षभित्र २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य सरकारले लिएको बताउँदै उक्त लक्ष्यलाई पूरा गर्न सरकार लागेको उल्लेख गरे । उनले सङ्खुवासभामा मात्र झन्डै पाँच हजार मेगावाट विद्युत् उत्पादन गर्ने नदी रहेकाले यसको उच्चतम प्रयोग गर्नुपर्नेमा जोड दिए ।

ऊर्जामन्त्री खड्काले आगामी दुई वर्षभित्र सङ्खुवासभासहित देशभर विद्युतीकरण गरिसक्ने बताए । उनले यहाँको स्रोतसाधन अधिकतम प्रयोग गरिने उल्लेख गरे । काङ्ग्रेस सङ्खुवासभाका कार्यवाहक सभापति अनन्तकुमार गौलीले ऊर्जा, जलस्रोत र सिँचाइमार्फत देशको विकासमा लाग्नुपर्ने बताए ।

उनले सङ्खुवासभामा भएको स्रोतसाधनको उच्चतम प्रयोग गरी समृद्ध सङ्खुवासभा निर्माणमा लाग्ने उल्लेख गरे ।

काङ्ग्रेस सङ्खुवासभाका पूर्वसभापति दीपनकुमार श्रेष्ठले नेपाली जनतालाई रैतीबाट नागरिक बनाउन बिपी कोइरालाको ठूलो योगदान रहेको स्मरण गरे । 'विपी कोइराला भन्नुहुन्थ्यो गाउँको विकास भएमात्र देशको विकास हुन्छ,उहाँको विचारलाई पूरा गर्न कांग्रेस लाग्नुपर्छ', उनले भने ।

काङ्ग्रेस सङ्खुवासभाका पूर्वसभापति जनक थापाले नेपालको प्रजातान्त्रिक आन्दोलनमा विश्वेश्वरप्रसाद कोइरालाको महत्वपूर्ण योगदान रहेको बताए । उनले सङ्खुवासभाले पहिलोपटक निर्वाचित मन्त्री पाएकाले यस क्षेत्रको विकासमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा काङ्ग्रेस सङ्खुवासभाका उपसभापति रामकुमार जिमी, सचिव टकमान घले, पाँचखपन नगरपालिकाका प्रमुख विपिन राई, कांग्रेस महाधिवेशन प्रतिनिधि निर्मला तामाङ बस्नेत, महासमिति सदस्य दीपककुमार लिम्बूलगायतले जिल्लाको जलस्रोतलाई अत्यधिक उपयोग गरी यस क्षेत्रको विकासमा लाग्न मन्त्रीसँग अनुरोध गरेका थिए ।

कार्यक्रममा नेपाली कांग्रेस सङ्खुवासभाले जिल्लाको समस्या सम्बोधनका लागि मन्त्रीसमक्ष ज्ञापनपत्र बुझाएको थियो । निर्वाचित मन्त्री खड्कालाई कांग्रेस जिल्ला कार्यसमिति र जिल्लास्तरीय भ्रातृ तथा शुभेच्छुक संस्थाका प्रतिनिधिले सम्मान गरेका थिए । रासस

# बैंङ्किङ कसुर विधेयक अर्थ समितिबाट संशोधनसहित पारित



**काठमाडौँ ।**
'बैंङ्किङ कसुर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक, २०८०' अर्थ समितिबाट संशोधनसहित पारित भएको छ । समितिको सोमबारको बैठकले उक्त विधेयकमाथि परेका संशोधन प्रस्ताव र दफावार छलफलका क्रममा उठेका विषयहरु संशोधनसहित पारित गरिएको समितिका सभापति सन्तोष चालिसेले जानकारी दिए ।

अर्थ समितिको सोमबारको बैठकले चेक अनादर (चेक बाउन्स)सम्बन्धी मुद्दामा १० करोड रुपैयाँ भन्दा माथिको बिगो भएमा दुई वर्षदेखि चार वर्षसम्म कैद सजाय हुने व्यवस्था राख्ने सहमति जुटाएको सभापति चालिसेले बताए । समितिको आइतबार बसेको बैठकले चेक बाउन्सका मुद्दामा १५ लाख रुपैयाँ सम्मको बिगो भए एक महिना कैद, १५ लाख रुपैयाँदेखि ५० लाख रुपैयाँसम्मको बिगो भए एक महिनादेखि तीन महिनासम्म कैद, ५० लाख रुपैयाँदेखि एक करोड रुपैयाँसम्म बिगो भएमा तीन महिनादेखि एक वर्षसम्म कैद र एक करोड रुपैयाँ भन्दा माथिको बिगो भए दुई वर्षसम्म कैदको सजाय गर्ने व्यवस्था विधेयकमा राख्ने सहमति जुटाएको थियो । तर सोमबारको बैठकमा समितिका केही सदस्यहरुले १० करोड रुपैयाँ भन्दा माथिको बिगोमा कैद सजाय बढाइनुपर्ने धारणा राखेपछि सोभन्दा माथिको चेक बाउन्ससम्बन्धी मुद्दामा दुई वर्षदेखि चार वर्षसम्म कैद सजाय हुने व्यवस्था विधेयकमा राखिएको छ । गतवर्ष साउन २३ गतेको मन्त्रिपरिषद् बैठकले बैंङ्किङ कसुर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक, २०८० को मस्यौदा स्वीकृत गरेको थियो भने तत्कालीन अर्थमन्त्री डा प्रकाशशरण महतले २०८० असोज १६ गते उक्त विधेयक संसद्मा दर्ता गरेका थिए । चेक अनादरसम्बन्धी मुद्दामा फरक–फरक खालको कानूनी उपचारको अवस्था देखिएकाले यसलाई एकरुप बनाउनुपर्ने व्यहोराको सर्वोच्च अदालतको आदेश र महान्यायाधिवक्ताको कार्यालयको अध्ययनबाटसमेत बैंङ्किङ कसुर तथा सजाय ऐनलाई संशोधन गर्नुपर्ने सुझावका आधारमा सरकारले सो विधेयक तयार पारेको थियो । विधेयकमाथि २० वटा संशोधन प्रस्ताव परेका थिए ।

कुनै व्यक्तिले आफ्नो खातामा रकम मौज्दात नभइ चेक जारी गर्न नहुने व्यवस्था विधेयकमा राखिएको छ । 'कसैले पनि आफ्नो बैंक खातामा रकम मौज्दात नभएको वा मौज्दात भए पनि भुक्तानीका लागि पर्याप्त छैन भन्ने जानाजान कसैलाई चेक जारी गरी दिन वा बैंकसँग त्यस्तो चेकको भुक्तानी माग गर्नुहुँदैन', विधेयकमा भनिएको छ ।

चेकको भुक्तानी गर्न आवश्यक पर्ने रकम खातामा मौज्दात नदेखिएमा त्यस्तो चेक बैंक तथा वित्तीय संस्थाले धारकलाई नै फिर्ता दिनुपर्नेछ । यही चेक साट्न चाहने व्यक्तिले त्यस्तो चेक अनादर भएको प्रमाणित गराउन चाहेमा बैंकले बढीमा तीस दिनको म्याद दिई आफ्नो खातामा आवश्यक रकम जम्मा गर्न सम्बन्धित खातावालालाई सूचना दिई सो को अभिलेख राख्नुपर्ने व्यवस्था विधेयकमा राखिएको छ । त्यसरी सूचना दिएको जानकारी खुलाई बैंकले चेक फिर्ता गर्नुपर्नेछ । तीस दिनसम्ममा पनि खातामा पैसा उपलब्ध नभएमा चेक अनादर भएको प्रमाणित गर्नेसम्बन्धी प्रक्रिया अघि बढ्नेछ ।

'तीस दिनको म्याद समाप्त भएपछि चेक बोक्ने व्यक्तिले रकम भुक्तानी माग्दा पनि खातामा आवश्यक रकम नदेखिएमा बैंकले तीन दिनभित्र सम्बन्धित खातावालाले चेक अनादर गरेको प्रमाणति गरी चेक फिर्ता दिनुपर्नेछ', सो विधेयकमा उल्लेख छ ।रासस

# इरानले रुसलाई मिसाइल पठाएको दाबीबारे इयु 'अवगत', तेहरानद्वारा खण्डन

**ब्रसेल्स ।**
युरोपेली सङ्घ (इयु) ले सोमबार आफ्ना साझेदारहरूबाट इरानले रुसलाई ब्यालेस्टिक मिसाइलहरूको आपूर्ति गरेको खुफिया जानकारी प्राप्त गरेको बताएको छ । उक्त दाबीलाई तेहरानले खारेज गरेको छ तर क्रेमलिनले स्पष्ट रूपमा अस्वीकार गरेको छैन ।

अमेरिकी मिडिया आउटलेटहरूले गत साता अज्ञात स्रोतहरूलाई उधृत गर्दै इरानले युक्रेनको युद्धमैदानमा प्रयोगका लागि रुसलाई हतियारहरू हस्तान्तरण गरेको वासिङ्टनले विश्वास गरेको बताएका छन् ।

'हामी रुसलाई इरानी ब्यालेस्टिक मिसाइलहरूको डेलिभरीबारे सहयोगीहरूले प्रदान गरेको विश्वसनीय जानकारीसँग अवगत छौँ', इयुका प्रवक्ता पिटर स्ट्यानोले भने, 'हामी आफ्ना सदस्य मुलुकहरूसँग यसबारेमा विचार गरिरहेका छौँ र यदि यसको पुष्टि भयो भने यो डेलिभरीले युक्रेनविरुद्ध रुसको गैरकानूनी आक्रामक युद्धका लागि इरानको समर्थनमा महत्त्वपूर्ण सामग्री वृद्धिलाई प्रतिनिधित्व गर्नेछ ।' स्ट्यानोले भने,'इयुका नेताहरूको सर्वसम्मतको स्थिति सधैँ स्पष्ट रहेको छ, इयुले इरानविरुद्ध नयाँ र महत्त्वपूर्ण प्रतिबन्धात्मक उपायहरूसहित अन्तर्राष्ट्रिय साझेदारहरूसँग द्रुत रूपमा र समन्वयमा प्रतिक्रिया दिनेछ ।'

इरानको विदेश मन्त्रालयले रुसलाई हतियार निर्यातमा आफ्नो भूमिका रहेको आरोपलाई 'जोडदार' रूपमा अस्वीकार गरेको छ ।

पश्चिमी मुलुकहरूले धेरै महिनादेखि रुसलाई मिसाइलहरू नपठाउन तेहरानलाई चेतावनी दिँदै आएका छन् र इयुले यसअघि नै युक्रेनको युद्धका लागि मस्कोलाई ड्रोनको आपूर्ति गरेकामा इरानमाथि बारम्बार प्रतिबन्ध लगाइसकेको छ । 'हामी युद्धको एक पक्षलाई हतियार निर्यातमा इरानको भूमिकाको दाबीलाई जोडदार रूपमा अस्वीकार गर्दछौँ', इरानी विदेश मन्त्रालयका प्रवक्ता नासिर कनानीले साप्ताहिक पत्रकार सम्मेलनमा भने । इरानले मिसाइल पठाएको बारेमा वाल स्ट्रिट जर्नलको रिपोर्टबारे सोधिएको प्रश्नमा सोमबार क्रेमलिनले अस्वीकार गरेन ।

'हामीले सो रिपोर्ट हेरेका छौँ, यस्ता प्रकारका जानकारी सधैँ सही हुन्छ भन्ने हुँदैन', क्रेमलिनका प्रवक्ता दिमित्री पेसकोभले भने, 'इरान हाम्रो महत्त्वपूर्ण साझेदार हो, हामी हाम्रो व्यापार र आर्थिक सम्बन्ध विकसित गर्दैछौँ, हामी सबैभन्दा संवेदनशील क्षेत्रसहित सबै सम्भावित क्षेत्रमा हाम्रो सहयोग र संवादलाई विकास गरिरहेका छौँ ।' अमेरिकाले कुनै पनि डेलिभरीले 'गम्भीर' प्रतिक्रिया हुने र मुलुकमा सुधारवादी मसुद पेजेस्कियान राष्ट्रपतिमा निर्वाचित भएपछि पश्चिमसँग सम्बन्ध सुधार गर्ने तेहरानको प्रयासलाई हानि पु¥याउने बताएको छ ।

पश्चिमी प्रतिबन्धको सामना गर्दै मस्को युद्धमा आफ्नो युद्धलाई जारी राख्न हतियारको आपूर्तिका लागि इरान र उत्तर कोरियातिर फर्केको छ । युक्रेनले रुसले करिब दैनिक रूपमा इरानी डिजाइन गरिएको शाहिद ड्रोनले आक्रमण गरेको र आफ्नो क्षेत्रमा उत्तर कोरियाली मिसाइलका टुक्राहरू पाइएको बताएको छ ।रासस

# स्पेनका प्रधानमन्त्री सान्चेज चीनमा, राष्ट्रपति सीसँग बेइजिङमा भेटवार्ता

**बेइजिङ ।**
स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले चिनियाँ राष्ट्रपति सी जिनपिङसँग सोमबार बेइजिङमा भेटवार्ता गरेका छन् ।

भेटमा स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले बेइजिङ र युरोपियन युनियनबीचको गतिरोधका बावजुद चीनसँग सम्बन्ध प्रगाढ बनाउने उद्देश्यका साथ चीन भ्रमणका क्रममा सोमबार 'निष्पक्ष व्यापार व्यवस्था'का लागि आह्वान गरेका छन् ।

सान्चेजले सोमबार नै अपराह्न बेइजिङस्थित सुसज्जित 'ग्रेट हल अफ द पिपुल'मा स्थानीय समकक्षी ली कियाङलाई भेटेर स्पेनले चीनसँगको सम्बन्धलाई अझ मजबुत बनाउन चाहेको बताएका थिए । 'हामी एक साथ निष्पक्ष व्यापार व्यवस्थाको रक्षा गर्न पुलहरू निर्माण गर्न चाहन्छौं, 'उनले सामाजिक सञ्जाल एक्समा लेखेका छन् । उनले अगाडि लेखेका छन्, 'यसले हाम्रो अर्थव्यवस्थालाई विकास गर्न र हाम्रा उद्योग र नागरिकलाई फाइदा पु¥याउँछ ।'

सान्चेज भ्रमणको क्रममा साङ्घाई पनि जाने कार्यक्रम रहेको छ । साङ्घाईमा उनले स्थानीय अधिकारी र व्यवसायीलाई भेट्नुका साथै नयाँ सेर्भान्टेस इन्स्टिच्युट सांस्कृतिक केन्द्रको उद्घाटन गर्ने कार्यक्रम रहेको छ ।

बेइजिङमा सोमबार आयोजित एक मञ्चमा सान्चेजले चीन र स्पेनबीचको 'बलियो सम्बन्ध'को प्रशंसा गरे । उनले सोमबार नै सामाजिक सञ्जालमा शेयर गरेको एक भिडियोमा भनेका छन्, 'हामी हाम्रो अडान र पूर्णरुपमा मेल नखाने विषयमा पनि संवाद र सहकार्यमा संलग्न हुन रचनात्मक तत्परता देखाउने छौँ ।' उनले भने, 'हामी सकारात्मक एजेन्डा विकास गर्न र सबै पक्षलाई फाइदा हुने गरी सहमतिको समाधान खोज्न प्रतिबद्ध छौं ।'

सान्चेजले बेइजिङ्गा 'स्पेन–चाइना बिजिनेस एडभाइजरी काउन्सिल' का पदाधिकारीसँग भेटवार्ता गरेका थिए । काउन्सिल दुई देशबीचको 'व्यापार र लगानी सम्बन्धलाई प्रगाढ बनाउने' प्रयासको एक हिस्सा हो । भेटमा उनले भने, 'हाम्रो उद्देश्य दुबै राष्ट्रलाई फाइदा पु¥याउने सम्मान र पारस्परिकतामा आधारित सन्तुलित सम्बन्धलाई बढावा दिनु हो ।' राष्ट्रपति सी चिनफिङ र शीर्ष सांसदहरूसँग अपराह्न भेटवार्ता गर्ने कार्यक्रम रहेको उनको कार्यालयले उपलब्ध गराएको कार्यतालिकामा उल्लेख छ ।

सन् २०२३ को मार्चमा चीनको हाइनान प्रान्तको डाभोसमा आयोजित बोआओ फोरममा भाग लिएका साञ्चेजले आफ्नो अन्तिम चीन भ्रमणका क्रममा चिनियाँ राष्ट्रपति सीसँग भेट गरेका थिए ।

भेनेजुएलाका विपक्षी नेता एडमण्डो गोन्जालेज उरुटिया स्पेनमा निर्वासनका लागि भागेको केही समयपछि प्रधानमन्त्री साञ्चेज बेइजिङ आइपुगेका हुन् । शनिबार समाजवादी पार्टीको बैठकमा सान्चेजले उरुटियालाई 'एक नायक'को रूपमा वर्णन गर्दै उनलाई शरण दिने घोषणा गरेका थिए । भेनेजुएलाका राष्ट्रपति मादुरोको सरकार र बेइजिङबीच घनिष्ठ सम्बन्ध छ । सान्चेजको यो भ्रमण यूरोपेली सङ्घ र चीनबीच बढ्दो व्यापार तनावको पृष्ठभूमिमा हुन लागेको हो ।

युरोपेली आयोगले गत महिना चीनबाट आयात हुने विद्युतीय सवारी साधनमा अतिरिक्त ३६ प्रतिशतसम्म पाँच वर्षे आयात शुल्क लगाउने घोषणा गरेको थियो भने गत महिना बेइजिङले चीनमा आयात हुने केही दुग्धजन्य पदार्थमा ईयूले दिएको अनुदानबारे छानबिन सुरु गरेको थियो ।

गत जुनमा बेइजिङले घरेलु उत्पादकहरूको तर्फबाट स्थानीय व्यापार समूहले पेश गरेको आवेदनको जवाफमा समूहबाट सुँगुरको मासु आयातमा एन्टी–डम्पिङ अनुसन्धान सुरु गरेको थियो । स्पेन चीनमा सुँगुरको मासुको आपूर्तिका लागि सबैभन्दा ठूलो निर्यातक हो । गत वर्ष चीनलाई पाँच लाख ६० हजार टनभन्दा बढी मासु बिक्री गरेको थियो ।रासस

# उपराष्ट्रपतिबाट पलेशा सम्मानित



**काठमाडौँ ।**
उपराष्ट्रपति रामसहायप्रसाद यादवले पेरिस पारा ओलम्पिक २०२४ मा नेपालका लागि पहिलो पटक कास्यपदक विजेता पलेशा गोबर्धनलाई सम्मान गरेका छन् ।

लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा सोमबार आयोजित विशेष समारोहमा गोबर्धनलाई सम्मान गर्दै उपराष्ट्रपति यादवले पलेशाले देशको नाम उच्च राख्नु भएकामा सम्पूर्ण नेपाली खुसी भएका बताए ।

'पलेशाले नेपालका लागि इतिहास रच्दै विश्वभरि छरिएर रहेका नेपालीलाई गौरवान्वित हुने सुनौलो अवसर प्रदान गर्नुभएको छ', उनले भने, 'यो ऐतिहासिक सफलता उनको अथक परिश्रम, दृढ सङ्कल्प, उत्कृष्ट प्रदर्शन तथा समर्पणबाटै प्राप्त भएको हो ।

यसका लागि पलेशालाई हार्दिक बधाइ तथा यो अद्वितीय उपलब्धि र सफलतामा महत्वपूर्ण योगदान दिने सम्पूर्ण सहयोगी, मन्त्रालय, प्रशिक्षक, खेल पदाधिकारीसहित सम्पूर्ण व्यक्तित्वलाई धन्यवाद छ ।'

उपराष्ट्रपति यादवले पलेशाको अतुलनीय योगदानले सिङ्गो नेपाल र नेपाली समाजलाई असीम गर्वको सुखानुभूति गराएको बताए । पलेशाको सफलता उहाँको मात्र नभई सिङ्गो मुलुकको सफलता भएको उनको भनाइ छ ।रासस

# नेप्से परिसूचक पछिल्लो चार कारोबार दिनदेखि निरन्तर ओरालो



**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा पछिल्लो चार कारोबार दिन लगातार गिरावट देखिएको छ । गत साताको बुधबार ९० दशमलव ७३ र बिहीबार १२ दशमलव १० अङ्कले घटेको नेप्से परिसूचक यो साता कारोबारको पहिला दिन आइतबार २५ दशमलव ४६ अङ्कले घटेको थियो ।

पुँजीबजारको ओरालो यात्राले सोमबार पनि निरन्तरता पाएको छ । सोमबार नेप्से परिसूचक ५५ दशमलव ८६ अङ्कले घटेर दुई हजार छ सय ४६ दशमलव ०३ को बिन्दुमा कायम भएको हो । यो दुई दशमलव ०६ प्रतिशतको गिरावट हो ।

नेप्से परिसूचक घटेसँगै कारोबार रकममा पनि उल्लेख्य गिरावट देखिएको छ । कारोबार रकम गत असार मसान्तको हाराहारीमा खुम्चिएको छ । सोमबार तीन सय २७ कम्पनीको दुई करोड १० लाख ४८ हजार नौ सय ११ कित्ता शेयर एक लाख ११ हजार नौ सय ८६ पटक खरिदबिक्री हुँदा नौ अर्ब ४३ करोड ९१ लाख रुपैयाँ छ हजार बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

सोमबारको कारोबारमा सबै समूहको उपसूचक रातो देखिएको छ । सबैभन्दा धेरै होटल तथा पर्यटन समूह दुई दशमलव ६७, जीवन बीमा दुई दशमलव ४९, निर्जीवन बीमा दुई दशमलव ४५, लघुवित्त दुई दशमलव ३३, बैंकिङ दुई दशमलव २८ र वित्त समूह दुई दशमलव २७ प्रतिशतले घटेको छ । त्यस्तै विकास बैंक एक दशमलव ८७, जलविद्युत् दुई दशमलव ४४, लगानी शून्य दशमलव ३४, उत्पादन तथा प्रशोधन एक दशमलव २५, म्युचुअल फन्ड शून्य दशमलव ९४, व्यापार शून्य दशमलव ३५ र अन्य समूह एक दशमलव ८३ प्रतिशतले घटेको छ । हाथवे इन्भेस्टमेन्ट नेपाल लिमिटेडको शेयर मूल्य सोमबार सबैभन्दा धेरै आठ दशमलव ९८ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सात दशमलव ७८ प्रतिशतले घटेको छ ।कारोबार रकमका आधारमा सोमबार सबैभन्दा धेरै सिइडिबी हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको रु ३७ करोड पाँच लाख ५७ हजार बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने हाईड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड प्रमोटर शेयर १३ लाख ८२ हजार नौ सय छ कित्ता शेयर किनबेच भएको छ ।रासस

# श्रीलङ्काको पर्यटन आम्दानी दुई अर्ब अमेरिकी डलरभन्दा बढी



**कोलम्बो ।**
श्रीलङ्काले सन् २०२४ को पहिलो आठ महिनामा पर्यटनबाट दुई अर्ब अमेरिकी डलरभन्दा बढी आम्दानी गरेको देशको केन्द्रीय बैङ्कको पछिल्लो तथ्याङ्कले देखाएको छ ।

यो अवधिमा श्रीलङ्काले दुई अर्ब १७ करोड डलर कमाएको छ । यो सन् २०२३ को सोही अवधिको तुलनामा ६६ दशमलव एक प्रतिशतले बढी हो । सोही अवधिमा पर्यटक आगमनमा पनि ५० दशमलव सात प्रतिशतले वृद्धि भएको र सन् २०२४ को पहिलो आठ महिनामा १३ लाख ६० हजार पर्यटक आएको केन्द्रीय बैङ्कको तथ्याङ्कले देखाएको छ ।

सन् २०२४ अगस्टमा पर्यटक आगमन एक लाख ६४ हजार छ सय नौ थियो । यो सङ्ख्या सन् २०२३ अगस्टको तुलनामा लगभग २० प्रतिशतले वृद्धि भएको हो ।

पर्यटन श्रीलङ्काको शीर्ष विदेशी राजस्व उत्पन्न गर्नेमध्ये एक माध्यम हो । श्रीलङ्काको पर्यटन प्रबद्र्घन ब्युरोका प्रबन्ध निर्देशक नलिन परेराले श्रीलङ्काली पर्यटन अधिकारीहरूले सन् २०२५ मा ३० लाख विदेशी पर्यटकहरूको अपेक्षा गरेको बताए ।रासस

# 'सनातन हिन्दू धर्म, संस्कृति र संस्कार नै हाम्रो राष्ट्रियता हो'




पाँच बर्ष अघि काठमाडौंको एउटा टोलबाट शुरु भएको राष्ट्रिय एकता अभियान देशभर विस्तार हुँदैछ । नेपाली संष्कार, संष्कृति, धर्ममाथि भइरहेको अतिक्रमण, छिमेकीहरुको विस्तारबाद, अनेकन प्रहारको विरुद्ध खरो उत्रदै आएका विनय यादव उक्त अभियानका अध्यक्षको जिम्मेवारीमा छन् । तीन बर्ष अगाडि नै पोखरामा अन्तराष्ट्रिय विमानस्थल निर्माण हुँदा कुनै अध्ययन विना,कमिसनको चक्करमा उक्त विमानस्थल निर्माण गर्न लागिएको आवाज पहिलो पटक उठाउने व्यक्ति हुन विनय । यो बर्षको अवधिमा उक्त विमानस्थलको औचित्य नभएको पृष्टि भइसकेको छ । यो बिषयमा राजेन्द्र लिङ्गदेनको संयोजकत्वमा संसदीय छानबिन समिति समेत बनिसकेको छ र छानबिन प्रारम्भ भइरहेको छ ।

**० राष्ट्रिय एकता अभियान कस्तो खालको अभियान हो ?**

नेपालको अखण्डता, संस्कृति र स्वाधीनताको रक्षा गर्ने प्रतिबद्ध अभियान हो, यो । हामी समृद्ध र शक्तिशाली हिन्दू राष्ट्र निर्माण गर्ने अथक प्रयासमा होमिएका छौं । यो तीन करोड नेपालीहरुको एकतावद्ध बनाउने अभियान हो । एउटै मालामा उनिएर बसेका हामी नेपालीहरुलाई जसरी जातजाती,धर्मका नाममा विभाजन गर्ने चलखेल भइरहेको सोको विरुद्धमा पूर्वदेखि पश्चिम र उत्तरदेखि दक्षिणसम्म पुगेर विदेशी चलखेलको भण्डाफोर गर्ने कामगरिरहेको छ,अभियानले । विदेशीहरु नेपाललाई आफ्नो क्रिडास्थल बनाउन चाहन्थें । चाहे जातीय द्धन्द मच्चाएर होस वा धार्मिक रुपमा हिंसा फैलाएर । पहाडमा चर्च विस्तार गर्ने,तराईमा जातीय द्धन्द गराएर अखडा बनाउने चलखेल विदेशीहरुको चलखेल जबसम्म राष्टिय एकता हुँदैन तबसम्म देश विदेशीको प्ले ग्राउण्ड बन्ने खतरा रहन्छ । हाम्रो मुलुकलाई विदेशीको क्रिडास्थल बन्न दिन हुँदैन भनेर यो अभियान पूर्वका जनजाती,मधेसी,मध्य भूभागका नेवार,तराइका भोजपुरी,पश्चिमदेखि माथिल्लो भेगका लिम्बुवान,सुदूरपश्चिमसम्मका नेपालीलाई एक सूत्रमा बाध्नका लागि देशका कुनाकाप्चामा पुगेको छ,यो अभियान । सनातन हिन्दु,धर्म,संष्कृति र संष्कार नै हाम्रो राष्ट्रियता हो । राष्ट्रियता भनेको निश्चित भूगोल, त्यहाँका जनता र आदि-अनादी कालदेखि चलि आएको संष्कृति र संष्कार हो । नेपालको हरेक ४० किलोमिटर दुरी पार गर्दा फरक फरक संष्कार र संष्कृति भएको पाइन्छ । यस्तो विविधताको फुलवारीमा षडयन्पूर्वक ढंगले संष्कार र संष्कृतिमाथि प्रहार हुन खोज्दैछ,सोहीका विरुद्ध जन्मिएको छ,यो अभियान ।

**० यहाँले नेपाली भूमि विदेशीको क्रिडास्थल बन्दै गरेको दुखेसो पोख्नुभयो । प्रष्ट पारिदिनुहोस न नेपाल कसरी विदेशीको क्रिडास्थल बन्दैछ ?**

यो विविधताले भरिएको मुलुक । तर दुर्भाग्य हाम्रा नेता र नेतृत्वहरु विदेशीहरुको गोटी बने आफ्नो राजनीतिक स्वार्थपूर्ति गर्नका लागि विदेशीको गोटी बने । माओवादीको द्धन्द कालमा मन्दिर तोड्ने,पूजारी मारियो, मन्दिरका मुर्तीहरु चोरिए । जति पनि रुढीवादहरु थिए,समाजमा व्याप्त रहेका रुढीवादलाई हिन्दुधर्मसँग जोडेर धर्मको वदनाम गर्ने,समाज र मान्छे भड्काउने काम भयो । अद्दश्य ढङ्गले हिन्दु धर्मलाई समाप्त पार्ने खेलोमा लागे, अझैरु पनि लागिपरेका छन् । जुन देशको आफ्नो संष्कृति समाप्त हुन्छ उनीहरुको अरुको गुलाम बन्छन् । त्यहाँको राष्टियता मर्दछ । हिन्दु धर्म र संष्कृति यो देशको राष्ट्रियता हो । जबसम्म हिन्दु राष्ट्र र संष्कृति रहन्छ तबसम्म यहाँको राष्ट्रियता समाप्त हुँदैन भन्ने बुझेरै पहाड र हिमाली भेगमा चर्च र तराईमा मदरसा विस्तार हुँदै गयो । गणतन्त्र स्थापना हुनु अघि चर्चका संख्या कति थिए । अहिले चर्चका संख्या कति पुग्यो ? २० बर्ष अगाडिसम्म तराईमा रहेका मुस्लिम र हिन्दुहरुबीच सद्भावपूर्ण सम्बन्ध थियो । हिन्दु र मुस्लिमबीच प्रेम थियो । तर पछिल्लो समय प्रत्येक बर्ष २ वटा दंगा किन भइहरेको छ ? विदेशी मौलानाहरु आएर यहाँका सोझासिधालाई कट्टरपन्थीका रुपमा विकशित गर्दै लगे । उनीहरुको ध्येय रह्यो हिन्दुहरुलाई कसरी अल्पसंख्यक बनाउने,कसरी हिन्दुहरुलाई मार्ने ? सोही ढङ्गका क्रियाकलाप बढिरहेको छ । यी सबै सबै विदेशीको इशारामा भइरहेको हो । सोही कारण आज राष्ट्रिय एकता आवश्यक छ । यो देशको पहिचान,सनातन हिन्दु धर्म र संष्कृति हो । यसैको जगेर्ना गर्नका लागि हामीले संविधानमै संघीय हिन्दु गणतन्त्र कायम हुनुपर्दछ भन्दै आएका छौं । सो कायम गराउनका लागि पहल गर्दैछौं । नेपाललाई तीनतर्फबाट भारत,एकतर्फबाट तिव्वतले घेरेको छ । तिब्बतलाई खाएर चीन हाम्रो छिमेकी बन्यो । आज चीन तिब्बतजस्तै नेपाललाई खाने जमर्को गरिरहेको छ ।

**० कसरी ?**

हुम्ला जिल्लामा चार बिगाहा जग्गा चीनले मिचेर त्यहाँ १२ वटा भवन बनाएको छ । गोर्खामा रुई गाउँ छ । कोरानाको समयमा सारा नेपालीको ध्यान भारतले मिचेको भूमि लिपुलेक र लिम्पयाधुरातिर केन्द्रित थियो । गोर्खा जिल्लाको गोरखाको चुमनुब्री गाउँपालिका–१ को रुइला नाका स्थित नेपाली भूमी अतिक्रमण गरि चीनले एकपक्षिय रुपमा तारबार लगायो । अन्तर्राष्ट्रिय कानून र मूल्यमान्यताको उल्लंघन गर्दै नेपाल–चीन सीमाको रुइला लगायतका विभिन्न क्षेत्रमा भैइरहेको नेपाली भूमी अतिक्रमण दुई देश बीचको मित्रताको अपमान मात्र नभई सम्पूर्ण नेपालको सार्वभौमसतामाथि नै ठाडो चुनौतीको बिषय हो । चीनद्वारा नेपालको भौगोलिक अखण्डतामाथि पटक पटक हुने प्रहारको जति निन्दा गरे पनि कम हुने बिषय हो । यो बिषयमा संसदमै कुरा उठ्यो । त्यतिबेलामा परराष्ट्रमन्त्री थिए प्रदीप ज्ञवाली । उनले दिएको जबाफ अहिले पनि यूट्युबतिर खोज्दा भेटिएला वा क्लिपहरु कतै सुरक्षित छ । रुई गाउँ चीनले कब्जा गरेको होइन कि रुई गाउँका जनता नै स्वेच्छाले चीनमा गएका हुन ? यस्तै हुन्छ परराष्ट्रमन्त्रीको जबाफ ?यस्ता व्यक्ति नेपालका मन्त्री हुँनै सक्दैनन् । यी सबै चीनका दलाल हुन । चीनमा आजभन्दा ७० बर्ष अगाडि कम्युनिष्ट पार्टी निर्माण भएको थियो । उक्त समयमा नेपाललाई तिब्बत बनाउने ग्राइण्ड डिजाइन अनुसार नेपालमा उस्को एजेण्ड खडा गरेको छ । ती एजेण्डहरु आज पनि चीनकै पक्षमा वकालत गर्दै आएका छन् । नेपाली एउटा गाउँ नै चीनमा सर्दा सरकारका परराष्ट्रमन्त्रीले प्रतिवाद गर्नुपर्नेथ्यो उल्टै चीनकै प्रवक्ताजस्तो बनेर जबाफ दिनुभयो । यो जस्तो लज्जाको बिषय अरु के हुन्छ ?

**० विदेशी विस्तारवादको अवान्छित गतिविधि सुनियोजित रुपमा चलिरहेको भन्दै हुनुहुन्छ । राष्टियताको संरक्षणका लागि यहाँका राजनीतिक दल किन एकजुट हुन सकेनन् ?**

नेपाललका राजनीतिक दलहरु राष्ट्रियताको सबालमा सबै विदेशीको एजेण्ट र भरियामात्र हुन । नेपालको राजनीतिक शक्तिहरु विदेशीहरुका लागि परेड खेल्ने पात्रहरुमात्र छन् । पूरै दुनिँयालाई थाहा छ सगरमाथा नेपालको हो । हामीले पाठ्यपुस्तकमा पढ्यौं । हाम्रा सन्तानहरुले यही पढ्नेछन् तर विश्वको अग्लो चुचुरो सगरमाथाको टुप्पोदेखि आधा भूभाग चीनको कब्जामा पुगिसकेको छ । सगरमाथामै चीनले फाइभजीको टावर राखिसकेको छ । त्यहाँ चीनले बेसक्याम्प नै बनाइसकेको छ तर नेपालका सबैजसो नेताहरु मौन छन् । कसैले यो गतिविधिको विरोधमा बोलेको सुनिदैन । किन ? स्पष्ट छ,यहाँका राजनीतिक दलहरु विदेशीको गोटी हुन । चीनिया शक्तिका अगाडि उनीहरु नतमस्तक छन् । अबको निर्वाचनमा सम्पूर्ण राष्ट्रभक्त शक्ति एकजुट भएनन् र यी घातीहरुलाई डाँडो नकटाउने हो भने यहाँको भूमि सुरक्षित रहनेछैन ।

**० मुलुकको पूर्वदेखि पश्चिमसम्म उत्तरदेखि दक्षिणसम्म पुग्नुभयो । कस्तो छ अभियानप्रतिको आकर्षण ?**

काठमाडौंको एउटा टोलबाट शुरु गरेको हौं यो अभियान । पछिल्लो पाँच बर्षमा पूर्वदेखि पश्चिमसम्मका सबै जिल्लामा पुगेका छौं । त्यहाँका जनताहरुले उत्साहप्रद ढंगले साथ दिइरहेका छन् । उनीहरु अभियानमा आवद्ध भइरहेका छन् ।

**० पोखरामा अन्तराष्ट्रिय विमानस्थल निर्माण गर्ने बिषयमा तपाईले शुरुदेखि नै विरोध गर्दै आउनुभयो । तपाईलाई विकास विरोधी किन नमान्ने ?**

म विकास विरोधी होइन । अन्तराष्ट्रिय विमानस्थल नेपालको आवश्यक्ता हो । एउटैमात्र त्रिभुवन विमानस्थल भएको अवस्थामा वैकल्पिक अन्तराष्टिय एयरपोर्ट आवश्यक थियो र छ । तर विना फिजिबिलिटी अध्ययन,कमिसनको चक्करमा विमानस्थल बन्ने कुराको विरोध गरिएको हो । जुन कुरा आज प्रमाणीत भएको छ । आजभन्दा तीन बर्ष अगाडि पोखरामा अन्तराष्ट्रिय विमानस्थल निर्माण भइरहेको थियो । सरकारले चीनसँग चर्को व्याजदरमा ऋृण लिएर उक्त विमानस्थल निर्माण गन लागेको थियो । तर विदेशीको इशारामा त्यहाँ काम भइरहेको थियो । हामीले विगतमा जे इस्युहरु उठाइरहेका थियौं । राजनीतिक दल,संसदीय समितिहरु आज सोही स्थानमा आइपुगेका छन् । आज त्यहाँ भएको अनियमितता छानबिन गर्नका संसदीय छानबिन समिति गठन भएको छ । हेर्नुहोस त एयरपोर्टको बार्षिक आय चार करोड,मासिक १६ करोड व्याज । यही हो एयरपोर्टको उपलव्धी ? पोखरा विमानस्थलबाट आउने आयले आयबाट चीनको ऋृण तिर्न सकिन्छ ? कहिलेसम्ममा तिर्न सकिन्छ ? चीनले कसरी भूमि कब्जा गर्दछ भन्ने उदाहरण खोज्न श्रीलका र पाकिस्थानको एयरपोर्ट उदाहरण काफी छैनन् र ? श्रीलंकाको हम्मल टोटाको ऋृण तिर्न नसकेपछि हम्मल टोटा चीनको कब्जामा छ । यस्तै पाकिस्थानको ग्वादर कोर्ट नेपालको पोखरा विमानस्थल बनाएकै शैलीमा बनाइएको थियो । आज उक्त कोर्ट चीनको कब्जामा छ । यी नेताहरु बेलैमा सचेत भएनन् र चीनसँग डिप्लोम्याटिक ढङ्गले कुरा कुरा गरेनन् भने पोखरा विमानस्थल त हुनेछ तर उक्त विमानस्थल हाम्रो नभइ चीनको अधिनमा हुने दिन टाढा छैन । त्यहीकारण एयरपोर्टको ऋृणलाई अनुदानमा परिणत गर्न दबाब दिदैं आएको छ,अभियानले । पोखरा एयरपोर्टलाई यथाशक्य शीघ्र सञ्चालन ल्याउनुपर्दछ । नौटकी कति गरियो हेरौं त,अन्तराष्टिय विमानस्थल भनिएको छ,त्यहाँ बुद्ध एयरको डोमेस्टिक एयर उडान गरेर विमानस्थल उद्धाटन गरिएको थियो । यदी डोमेस्टिक एयरपोर्ट नै चलाउने हो भने त्यहाँ किन २६ अर्व किन बगाइयो ? कमिसनको खेलमा सबै भएको हो यो । नेताहरुलाई चीनले कमिसन खुवाएको हो । त्यसको कारण त्यहाँ अध्ययन विना नै एयरपोर्ट निर्माण भएको छ । एयरपोर्टसँगै त्यहाँका उद्यमी र व्यवसायीहरुले अर्वौं लगानी गरे । बैंकको व्याज तिर्न नसकेपछि आत्महत्या गर्न स्थितिमा पुगेका छन् । यस्को जिम्मेवार को ? अहिले एयरपोर्टको बिषयमा मात्र छानबिन हुँदै छ तर राष्ट्रिय एकता अभियानले पोखरा विमानस्थलको ऋृण व्यवस्थापन,सञ्चालन र निर्माणमा भएको भ्रष्टाचारको छानबिन, नागरिक उड्डयन प्राधिकरणका असफलता तथा भ्रष्ट महानिर्देशकको बर्खास्ती,चर्को ब्याजदरको ऋृणलाई अनुदानमा परिणत गर्न थप पहल गर्नुपर्ने माग हामीले निरन्तर उठाउँदै आइरहेका छौं ।

# एमाले पर्साद्वारा प्रधानमन्त्रीलाई ध्यानाकर्षण



**मधेशदृष्टि**
**वीरगंज ।**
प्रधानमन्त्री केपी शर्मा ओलीसँग नेकपा एमाले पर्सा जिल्ला कमिटीका पदाधिकारीहरुले भेट गरेका छन् ।

सोमबार प्रधानमन्त्री निवास बालुवाटारमा भेट गर्दै उनीहरुले मुलुकको प्रमुख आर्थिक एवम् व्यापारिक केन्द्र भएर पनि वीरगंज विकासमा पछाडी परेको भन्दै विकासका लागि आवश्यक बजेट व्यवस्थापन गरि दिन माग गरेका छन् । पदाधिकारीको टोलीले पर्सा जिल्लाको समग्र विकास एवम् योजना सम्पन्न गर्ने सम्बन्धमा प्रधानमन्त्रीको ध्यानाकर्षण समेत गराएको थियो ।

प्रतिनिधि सभा सदस्य तथा नेकपा एमालेका केन्द्रीय सदस्य, पर्सा जिल्ला इन्चार्ज प्रभु हजराको नेतृत्वमा गएको टोलीमा जिल्ला अध्यक्ष डा. विशम्भर कुमार शर्मा, सचिव महेश दासले भेटेर पर्सा जिल्लामा गर्नुपर्ने महत्वपुर्ण योजना र कार्य बारे ध्यानाकर्षण गराएको सचिव दासले बताए । सो अवसरमा प्रधानमन्त्री ओलीले विगतमा अवरुद्ध भएको पर्साको विकास निर्माणलाई आफू नेतृत्वको सरकारले तीव्र रुपमा अगाडी बढाउने विश्वास दिलाएको सचिव दासले बताए ।

# आम विद्यार्थी मोर्चाको अध्यक्षमा साह

**मधेशदृष्टि**
**काठमाडौं ।**
आम जनता पार्टी (आजपा) निकटको आम विद्यार्थी मोर्चाका नवनिर्वाचित अध्यक्ष विवेक साहले विद्यार्थीको अनुपातमा तहगत र विषयगत शिक्षकको व्यवस्था सरकारले नगरेकाले आफूहरु बाध्यभएर आम शैक्षिक हडतालमा उत्रिनु परेको बताएका छन् । आम विद्यार्थी मोर्चाको भेलालाई सम्बोधन गर्दै अध्यक्ष साहले विद्यार्थीको अनुपातमा सरकारले बिषयगत र तहगत शिक्षकको व्यवस्था नगरेसम्म कडा संघर्षका कार्यक्रम जारी राख्ने बताए । आजपा मधेश प्रदेश कमिटीले हालै मधेशमा विद्यार्थीको अनुपातमा शिक्षकको व्यवस्था गर्नुपर्ने माग गर्दै शैक्षिक आम हडतालका साथै चरणबद्ध आन्दोलनको कार्यक्रम घोषणा गरेको छ । सो आन्दोलनलाई प्रभावकारी बनाउँ आम विद्यार्थी मोर्चा योजनाबद्ध तरिकाले लागिसकेको उनले जनाएका छन् । शिक्षा क्षेत्रमा देखिएको सेण्डिकेट, विभेद एवम् लुट रोक्न




आम विद्यार्थी मोर्चाले आन्दोलनमा जानुको बिकल्प नभएको भन्दै अध्यक्ष साहले विद्यार्थीको हकहित एवं पढन पाउने अधिकारका लागि जस्तोसुकै कदम चाल्न सक्ने बताए । आम विद्यार्थी मोर्चाको भेलाले अध्यक्षमा विवेक साह, उपाध्यक्षमा शोभा पाण्डे, राकेश बैठा, समिरा नसरिन, राजु महतो, महासचिवमा प्रदिप साह, सचिवमा उपेन्द्र जयसवाल, आलोक साह (प्रिन्स), रितेश साह, रमेश यादव, विकास झा, विकेश यादव, कोषाध्यक्षमा नविन कुमार साह चयन भएका छन् । मोर्चाको इन्चार्जमा उमेश कुशवाहा र सहइन्चार्जमा सरोज बच्छार रहेका छन् । मोर्चाको सदस्यहरुमा रुपेश कनुजिया, अरुण तामाङ, संजयकुमार चौरसिया, दिलिपकुमार साह, श्यामनन्दन साह, हिमांशु साह, समिर रौनियार, विकास कुशवाहा, मनिष यादव, विशेष गुप्ता, मनोज साह, संजिव साह, सन्दिप साह, सरोज पटेल, अनिल महतो, राहुल पंडित, विकास साह, विगत साह, दिपेन्द्र साह, छोटेलाल कुशवाहा, सन्दिप साह, रजनिश महतो, मंजु कुशवाहा, गोपी यादव, बिक्की यादव, अभिशेक चौधरी, रामसुन्दर साह, सुधिर साह, संजिप साह, अशोक साह, चन्द्रप्रकाश साह, अमित साह, अनिकेत महतो, योगेश साह, नितेश कुमार मण्डल, सुनिल सहनी रहेका छन् ।

यसैगरी सदस्यहरुमा सोनु गुप्ता, अमित साह, बिशाल साह, जितेन्द्र साह, सुरेश राउत, खुश्बु झा, प्रिती यादव, दिलिप सहनी, सिद्धार्थ सिंह, राजकिशोर साह, विकेश साह, धिरेन्द्र साह, साहिल साह, अभिनित ठाकुर, सुरज साह, संजय साह, बचेलाल साह, रौशन साह, रित्नेश्वर साह, गौरव प्रसाद साह, उमेश पाण्डे, दिलिप पाण्डे, रेखा शर्मा, निशु दनाल, सरिता विश्वकर्मा (आईसा), रौशन सहनी लगायतका रहेका छन् ।

# आठ जनालाई इण्डो–नेपाल फ्रेन्डसिप अवार्ड प्रदान



**मिश्रीलाल मधुकर**
**दार्जिलिङ ।**
इन्डो–नेपाल फ्रेन्डसिप अवार्ड आठ जनालाई प्रदान गरिएको छ । दार्जिलिङ हिमालयन आर्ट अडिटोरियममा जीएच आरपीएफ रिसर्च इन्स्टिच्युटका निर्देशक महानन्द सरकार दत्तको अध्यक्षतामा आयोजित समारोहमा आठ जनालाई सम्मानित गरिएको हो । कार्यक्रममा इण्डो नेपाल फ्रेन्डसिप अवार्ड मधेशदृष्टिकर्मी पत्रकार मिश्रीलाल मधुकर, पूर्व प्रदेशसभा सदस्य नेत्रविक्रम साह, समाज सेवी सुनिता साह क्रान्ति, डा.नवल किशोर साह, डा.अनिशा अछामी, युवा अभियानकर्ता समोदकुमार साह, समाजसेवी कामेश्वर साह, मो. अनवर अलीलाई मेडलसहित सम्मान गरिएको थियो ।

त्यसैगरी काशीराम गोविन्द पैठाने, सतीश सञ्जय बाँखेडे, विनोद उखर्डा माली खुर्द, गिरीशचन्द्र ठकुरिया, गुरु मुकुल अहमद, चारुमणि हजारिकालाई पीएचडी उपाधि प्रदान गरिएको छ । अहमद, हजारिका, सीमा बरुआ, अनिरुद्ध पाललाई विभिन्न क्षेत्रमा प्रसिद्धिको लागि अवार्ड प्रदान गरिएको थियो । कार्यक्रममा समाजसेवी रेवाज गुरुङ (दार्जिलिङ), समाजसेवी अशोक कुमार अग्रवाल र नेपालका पूर्व विधायक नेत्रविक्रम साहलगायत स्थनीय बुद्धिजिवि, समाजसेवी, अभियनताहरुको उपस्थिति रहेको थियो ।

# दश महिनादेखि मागको सुनुवाइ नभएको कवाडी व्यवसायीको गुनासो

**मधेशदृष्टि**
**काठमाडौँ ।**
काठमाडौँ महानगरमा निर्बाध रुपमा कवाड व्यवसाय गर्न पाउनुपर्ने माग गर्दै कवाड व्यवसायी समाज नेपाल १० महिनादेखि सङ्घर्षरत छ । महानगरमा कवाड व्यवसाय गर्ने वतावरण बनाइदिन माग गर्दै व्यवसायीले काठमाडौँ महानगरलाई बारम्बार ताकेता गर्दै आएका छन् । विभिन्न चरणमा दबाबमूलक कार्यक्रम गरिए पनि १० महिनादेखि महानगरले आफ्ना मागको सुनुवाइ नगरेको कवाड व्यवसायी समाजका अध्यक्ष रामकेवल गुप्ताले गुनासो गरे । वर्षौंदेखि कवाड व्यवसाय सञ्चालन गर्दै आएका कवाड व्यवसायीलाई पलायन हुनेगरी महानगरले व्यवसाय सञ्चालन गर्न नदिएको उनको भनाइ छ । 'पटक पटक पत्रकार सम्मेलन गरेर हाम्रा मागका सन्दर्भमा महानगरको ध्यानाकर्षण गरायौँ, हुलाकमार्फत पनि मागपत्र पठायौँ, हालसम्म कुनै सम्बोधन भएको छैन', अध्यक्ष गुप्ताले भने ।

यता महानगरले भने वातावरण फोहर गरेको, आगजनीका तथा चोरीका घटना बढेको भन्दै कवाड व्यवसायीलाई व्यवसाय गर्न दिएको छैन । कामपाका प्रवक्ता नवीन मानन्धरले महानगरभित्र कवाड व्यवसायले कसैलाई पनि फाइदा नपुग्ने भएकाले व्यवसायीलाई महानगरभित्र व्यापार गर्न नदिने निर्णय भएको बताए । 'जेसुकै भए पनि महानगरभित्र कवाड राखेर कसैलाई पनि फाइदा भएको छैन । उद्योग पनि फष्टाएको छैन, त्यसकारण महानगरभित्र कुनै पनि कवाडी पसल र डिपो राख्न नदिने महानगरले स्पष्ट निर्णय गरेको छ ।'

प्रचलित कानुनबमोजिम सम्बन्धित निकायको अनुमतिमा काठमाडौँ महानागरपालिकाको विभिन्न वडामा कवाड व्यवसाय सञ्चालन गर्दै आएको समाजले जनाएको छ । व्यवसायीले कवाडी सामान जफत र तोडफोड गर्नेलगायत कवाड व्यवसायीमाथि गरिएको व्यवहार तत्काल रोक्न र निर्वाध रुपमा व्यवसाय गर्ने वातावरण सिर्जना गर्न महानगरसमक्ष माग गरेका छन् । 'हाम्रो मुख्य माग भनेको वर्षौंदेखि हामीले गर्दै आएको कवाडी व्यवसाय गर्न पाउनुप¥यो', समाजका अध्यक्ष गुप्ताले भने, 'कवाडका नाममा विभिन्न थरीको कर तिर्छौं तर अनावश्यक कर लगाइनु भएन, रोजीरोटी गुम्नुभएन ।'

कवाड सामग्रीमा प्लास्टिकको बोटल, बियर, वाइनआदिका बोटल, फलामका सामग्री, कागजलगायत सामग्री पर्छन् । कवाड व्यवसायीले उद्योगलाई एक महिना कच्चापदार्थ उपलब्ध (सप्लाइ) नगर्ने हो भने उद्योग आर्थिक सङ्कटमा पर्ने अध्यक्ष गुप्ताले दाबी गरे । देशमा रोजगारीको सुनिश्चित हुनुपर्ने, महानगरले कवाड व्यवसायीको मर्म र भावना बुझिदिनुपर्ने, अनावश्यक करको बोझ थप्न नुहने व्यवसायीको भनाइ छ । काठमाडौँ उपत्यकामा मात्रै करिब ५० हजार कवाड व्यवसायी रहेका समाजले जनाएको छ । 'फोहरबाट मोहर बनाइरहेका हामीलाई किन सास्ती दिइयो, फोहर व्यवस्थापन, वातावरण सन्तुलन, उद्योगलाई कच्चापदार्थ उपलब्ध गरिरहेका छौँ, आवश्यक कर पनि तिरिरहेका छौँ, रोजगारी सिर्जना भएको छ तर हामीलाई काठमाडौँबाट लखेट्न खोजियो', अध्यक्ष गुप्ताले गुनासो पोखे ।

कवाड व्यवसायमा अर्बौं लगानी भइसकेको व्यवसायीको भनाइ छ । दश महिनामा एक दिन पनि महानगरले मागबारे कुरा गर्न नचाहेको भन्दै कवाड व्यवसायीले यो मुद्दालाई राष्ट्रिय रुपमा उठाएर उद्यमशीलताको विकास र रोजगारीको अवसर प्रदान गर्न लागिपर्ने जनाएको छ । काठमाडौँ उपत्यकामा मात्रै करिब एक हजार कवाड सङ्कलन गर्ने डिपो छन् । ललितपुर र भक्तपुरमा पनि उल्लेख्य संख्यामा कवाड डिपो रहेका छन् ।

उद्योगलाई कच्चापदार्थ सप्लाई गरेर अर्बौंको कारोबार गरिरहेका व्यवसायीले मुलुकको अर्थतन्त्रमा पनि योगदान पु¥याउँदै आएको उनीहरुको भनाइ छ । सङ्कलित कवाड स्वदेशी उद्योगका साथै भारतमासमेत निर्यात हुने गरेको समाजका अध्यक्ष गुप्ताले जानकारी दिए । 'विभिन्न डिपोबाट जम्मा गरिएका सामान उद्योगलाई दिइन्छ । नेपालमा धेरै स्टिल उद्योग छन् । बियर, वाइन, ह्विस्की, प्लास्टिक उद्योग आदिले कवाडी सामान लिन्छन्', उनले भने ।

महानगरले ज्ञापनपत्र पनि लिन नमानेर आफूहरुलाई अपहेलित गरेको कवाड व्यवसायीको गुनासो छ । कर सङ्कलन हुने, प्रदूषण नियन्त्रण तथा उद्योगलाई कच्चापदार्थ उपलब्ध गराउने गरेको कवाड व्यवसायीले बताएका छन् । आफ्ना मागको सुनुवाइका लागि कवाड व्यवसायीले माइतीघर, सुन्धारा, पुतलीसडकलगायत स्थानमा धर्ना, जुलुस र नाराबाजीसहित सङ्घर्ष गर्दै आएका छन् ।

कवाड व्यवसायीहरुको आन्दोलनलाई आम जनता पार्टी(आजपा)का अध्यक्ष एवम् सांसद प्रभु साहले समर्थन गर्दै आएका छन् । उनको नेतृत्वमा आजपा पटक पटक कवाड व्यवसायीहरुको आन्दोलनमा सहभागी हुँदै आएको छ ।

# पोखरिया प्रमुखलाई कांग्रेसको ज्ञापन



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेस पोखरिया नगरसमितिले विभिन्न ८ सुत्रिय माग राखि नगर प्रमुख प्रद्युम्न चौहानलाई ज्ञापन पत्र बुझाएको छ । नगर सभापति रामबाबु प्रसाद चौहानको नेतृत्वमा गएको टोलीले पोखरिया नगरपालिकाले आर्थिक बर्ष २०८१/८२ मा बृद्धि गरेको भूमिकर खारेज गरी जग्गाको वर्गिकरण र मुल्याङ्कन वैज्ञानिक ढंगले गर्नु पर्ने, नगरपालिकाले लिदै आएको सिफारिस शुल्क सहज र सुलभ बनाउनु पर्ने, नागरिकले कानुन बमोजिम सूचना माग गर्दा दिनु पर्ने, हाट बजार ठेक्का र असुली पारदर्शि हुनु पर्ने, नगर प्रहरीबाट त्रास देखाएर दादागिरी शैलीमा हाट बजार शुल्क असुली गर्ने व्यवस्था तत्काल बन्द गर्नु पर्ने, सार्वजनिक शिक्षा र स्वास्थ्यलाई प्रभावकारी बनाउनु पर्ने, विकास निर्माणका कामलाई पारदर्शी रुपमा अगाडी बढाउनु पर्ने, पोखरिया नगरपालिकामा कार्यरत कर्मचारीको ७ महिना देखि बाँकी रहेको तलब एक मुष्ट उपलब्ध गराउनु पर्ने, पोखरियामा नगर सभा गृहको निर्माणका लागि जग्गा उपलब्ध गराउनु पर्ने माग गर्दै नगर प्रमुख चौहानलाई ज्ञापन पत्र बुझाईएको छ । आफूहरुले उठाईएको माग पुरा नभएमा चरणबद्ध रुपमा आन्दोलनमा उत्रने समेत पत्र मार्फत चेतावनी दिईएको छ । त्यसैगरी नेपाली कांग्रेस नगर समितिले सोमबार नै पोखरिया नगरपालिकाबाट आर्थिक बर्ष २०७९/८० र २०८०/८१ मा भएका विकास निर्माणका योजनाको खर्च, नगरपालिकाको आम्दानी, कर्मचारी दरबन्दी, अस्थायी तथा करार नियुक्तका सम्बन्धमा सम्पूर्ण विवरण उपलब्ध गराउन नगरपालिकाको सूचनाअधिकारी समक्ष सूचना माग समेत गरेको नगर सभापति रामबाबु प्रसाद चौहानले बताए ।







मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन